# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ३ अङ्क ४७ पूर्णाङ्क १४५ | २०७६ जेठ २० गते सोमबार | Monday, 3 Jun, 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-


## अग्रज तथा बरिष्ठ पत्रकारहरू सम्मानित



बुटवल । क्रान्तिकारी पत्रकार महासंघले दोस्रो ऐतिहासिक राष्ट्रिय सम्मेलनमा अग्रज तथा बरिष्ठ पत्रकारहरूलाई सम्मान गरेको छ । महासंघले संगठनका सल्लाहकार हिरामणि दुःखी, संगठनका पूर्वअध्यक्ष कुमार शाह, बरिष्ठ फोटो पत्रकार जयनारायण दाहाल, अग्रज तथा बरिष्ठ ...बाँकी ४ पेजमा

### संगठन सुदृढीकरणमा क्रान्तिकारी माओवादी

# धमाधम सम्पन्न हुँदै जबस-मोर्चाका भेला सम्मेलन

## जनजाति महासंघमा गुरूङ, नेवाःमा श्रेष्ठ, पत्रकारमा राउत







● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) संगठन सुदृढीकरणमा जुटेको छ । यतिबेला क्रान्तिकारी माओवादी पार्टी सम्बद्ध जबस-मोर्चाका भेला सम्मेलनहरू धमाधम सम्पन्न भइरहेका छन् । पार्टीको जनवर्गीय संगठनको रूपमा रहेको अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघको राष्ट्रिय भेला ललितपुरको कुपण्डोल कार्यालयमा हुँदैछ भने पार्टीको जुझारु संगठनको रूपमा रहेको क्रान्तिकारी युवा लिग, नेपालको राष्ट्रिय सम्मेलन असारको ६ र ७ गते हेटौंडामा हुँदैछ । युवा र मजदुरको सम्मेलन तथा भेलालाई व्यापक र प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि अहिले प्रदेशहरूका भेला तथा सम्मेलनहरू भइरहेका छन् । युवाहरूको राष्ट्रिय सम्मेलनको तयारी स्वरूप आइतबार ३ नं. प्रदेशको सम्मेलन सिन्धुलीमा सम्पन्न गरिएको छ । युवाहरूको मार्चपाससहित भव्य सभामार्फत् उद्घाटन गरिएको सम्मेलनले केशव ढलकोटीको नेतृत्वमा ३७ सदस्यीय कमिटि निर्वाचित गरेको छ । र, अन्य प्रदेशहरूको पनि भेला सम्मेलनको तयारी तीव्र रूपमा अगाडि बढिरहेको छ ।

त्यसैगरी मजदुरहरू पनि राष्ट्रिय भेलालाई सान्दार रूपमा सम्पन्न गर्नका लागि आंगिक संगठनहरू र जिल्ला तथा प्रदेशका भेला तथा सम्मेलनहरूमा जुटेका छन् । शनिबार मात्र अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको काठमाडौं जिल्ला भेला सम्पन्न भएको छ । भेलाले कुमार घताने अध्यक्ष रहेको २९ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ ।

जनजाति महासंघ र क्रान्तिकारी पत्रकार ...बाँकी ४ पेजमा

## क्रान्तिकारी युवा लिग ३ नं. प्रदेशको अध्यक्षमा केशव ढलकोटी निर्वाचित



सिन्धुली । क्रान्तिकारी युवा लिग, नेपाल ३ नम्बर प्रदेशको प्रथम सम्मेलन सिन्धुलीको सिन्धुलीमाडिमा भव्य र ऐतिहासिक रूपमा सम्पन्न भएको छ । स्थानीय धुरा बजार, २ नम्बर बजार, शान्तिनगर चोक हुँदै खुलामञ्चमा आएर सभामा परिणत भएको सभाका बीच सम्मेलनको उद्घाटन नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी कमिटी सदस्य एवं देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेल गौरवले गरेका थिए ।

प्रदेश सम्मेलनले केशव ढल्कुटीको अध्यक्षतामा ३७ सदस्यीय प्रदेश कमिटि निर्वाचित गर्दै सम्पन्न भएको छ । निर्वाचित अन्य पदाधिकारीमा सागर उप्रेती-उपाध्यक्ष, सुरेश तामाङ-सचिव, रोमन महर्जन-सहसचिव, इन्द्र चिमोरिया-कोषाध्यक्ष र सदस्यहरूमा असल वाईवा, रवि अधिकारी, राजु लोहला, सन्देश तामाङ, अष्ट तामाङ, हरि विक, रामशरण केसी, उमेश मग्राती, नितम खड्का, करण घतानी, सुरेश तामाङ, निरन तुलाधर, प्रेमराज श्रेष्ठ, सुरेश खत्री, कृष्ण प्रसाद बेन्जु, वसन्त बिक, रेशम माझी, कृष्ण कुमार राई, उद्बव सापकोटा, कमरेड हरि महत, रवि रोकालगायत रहेका छन् । सम्मेलनमा ...बाँकी ७ पेजमा

## 'ओली सरकार सबै मोर्चामा असफल'




सिन्धुली । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का नेता सीपी गजुरेलले (नेकपा) का अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीको लागि घुर्की लगाएको बताएका छन् । उनले अर्का अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीकासामु घुर्की लगाएको बताएका हुन् ।

पार्टी निकट देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष गजुरेलले प्रचण्डले प्रधानमन्त्रीको लागि घुर्की देखाएपनि ओलीले नटेर्ने बताए । पार्टी र सरकारमा भूमिकाविहीन हुँदै गएपछि प्रचण्डले ओलीलाई घुर्की लगाएको बताउँदै गजुरेलले पदको लागि सत्तारुढ ...बाँकी ४ पेजमा

## 'आलोपालो प्रधानमन्त्री हुने कुरा लज्जास्पद'



बुटवल । क्रान्तिकारी पत्रकार महासंघको उद्घाटन गर्न बुटवल पुगेका नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले ओली र प्रचण्ड आलोपालो प्रधानमन्त्री हुने कुरालाई लज्जास्पद् भनी टिप्पणी गरेका छन् । महासचिव किरणले भने, 'दुई पार्टीबीच चुनावी गठबन्धन बन्दा केपी शर्मा ओलीले ३ वर्ष र प्रचण्डले २ वर्ष सरकारको नेतृत्व गर्ने कुरा मिडियामार्फत् मैले पनि सुनेको छु', शुक्रबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा वैद्यले भने, 'तर, दुई पार्टी एक भइसकेपछि र दुई तिहाइको सरकार हुँदाहुँदै प्रधानमन्त्रीमा आलोपालोको कुरा गर्नु लज्जास्पद हो ।'

महासचिव किरणले संघीय सरकारले ल्याएको बजेटप्रति टिप्पणी गर्दै त्यसलाई दयनीयको संज्ञा दिएका छन् । बजेट प्रभावकारी नभएकाले यसले समृद्ध नेपाल सुखी नेपालीको नारा पूरा नगर्ने उनको दाबी छ ।

'१५ खर्बको बजेटमा पुँजीगत खर्च ४ खर्ब मात्र छ, त्यो पनि ऋण हो', उनले भने, 'यो बजेटले न ब्यापार घाटा घटाउन सक्छ न राष्ट्रिय उद्योगको विकास गर्छ ।'

वैद्यले सरकारले ल्याएको मिडिया काउन्सिल विधेयकको पनि खुलेरै विरोध गरे । मिडिया काउन्सिल ...बाँकी ४ पेजमा

## १७ औं इच्छुक स्मृति दिवसमा प्रभातफेरी कार्यक्रम सम्पन्न



काठमाडौं । पत्रकार तथा कवि कृष्णसेन इच्छुकको १७ स्मृति दिवसमा प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको छ । क्रान्तिकारी पत्रकार महासंघ, अखिल नेपाल जनसाँस्कृतिक महासंघ, प्रगतिशील पत्रकार संघ, नेपाल, जनपत्रकार संगठन नेपाल, अखिल नेपाल जनसाँस्कृतिक महासंघ, नेपाल प्रेस सोसाइटी र मधेसी पत्रकार समाज, नेपालको संयुक्त आयोजनामा सम्पन्न प्रभातफेरी कार्यक्रममा वक्ताहरूले नेपालको ...बाँकी ४ पेजमा

## क्रान्तिकारी पत्रकारहरूले जलाए मिडिया काउन्सील विधेयक



बुटवल । नेपाल पत्रकार महासंघ रूपन्देहीको भवनमा राष्ट्रिय सम्मेलन सम्पन्न गरेको क्रान्तिकारी पत्रकार महासंघ सम्मेलन सकिएलगत्तै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता विरोधी सबै विधेयक, ऐन, कानुनका विरुद्ध सडकमा उत्रिएको छ ।

शुक्रबार सम्मेलन सम्पन्न गरेको क्रान्तिकारी महासंघले शनिबार बुटवलको मिडिया चोकमा विरोध प्रदर्शन गर्दै मिडिया काउन्सील विधेयकको प्रति जलाएको छ । क्रान्तिकारी पत्रकार महासंघका नव निर्वाचित अध्यक्ष इन्द्र ...बाँकी ४ पेजमा

## अखिल (क्रान्तिकारी)को रिले अनसनको १४औं दिन, नेतादेखि प्राध्यापकसम्मको ऐक्यबद्धता



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)ले १४ दिनदेखि त्रिवि सेवा आयोगको गेटमा अनसन जारी राखेको छ । ...बाँकी ४ पेजमा

## सरकारी कम्युनिस्टले ल्याउन खोजेको समाजवाद

**ओली–प्रचण्डको समाजवाद प्रतिक्रियावादी, जनविरोधी र फासिष्ट समाजवाद हो भन्ने स्पष्ट छ, जसको अन्त्य सबैखाले संसदीय व्यवस्थाको अन्त्यसित अभिन्न रुपले गाँसिएको छ । संसदीय व्यवस्थाको टाउको र घांटीसित प्रतिक्रियावादी, जनविरोधी, फासिष्ट समाजवादको टाउको र घांटी जोडिएको छ**



● हुकुमबहादुर सिंह ●

वर्तमान विश्वमा जब रुस, चीनलगायत विश्वका अन्य वैज्ञानिक समाजवाद स्थापना गरेका देशहरू मार्क्सले १८४८मा प्रकाशित कम्युनिस्ट घोषणापत्रमा व्याख्या गरेको जस्तो प्रतिक्रियावादी समाजवादमा क्रमसः पतनहुँदै गएपछि, समाजवाद भन्ने शब्द पनि क्रमशः प्रतिक्रियावादी तथा संशोधनवादीका लागि आ-आफ्ना देशका जनतालाई समाजवादको नाममा ठगी गर्ने एउटा साधन बन्न पुगेको छ । नेपालमा पनि अहिले सफल देखिएका छन् ।

यहाँ जनताले के कुरा बुझ्न आवश्यक छ भने केपी ओली र प्रचण्डले विगतको उनीहरूको कम्युनिस्ट राजनीति, दर्शन, सेवाका कर्मचारीतन्त्र (जसलाई अंग्रेजीमा ब्युरोक्रेसी भनिन्छ) पूरै सामन्तवाद, नोकरशाही तथा दलाल पुँजीपति वर्गको सेवामा तल्लिन रहदै आएको इतिहास छ ।

त्यसैले यो वर्तमान सरकार, जसलाई कम्युनिस्ट सरकार भनिन्छ, त्यसले एकाधिकार दलाल पुँजीवादको आलोचनादेखि थरथर खुट्टा कमाएर त्योसित विभिन्न वाहनामा सम्झौता गरेर छाडा पुँजीवादका सबैभन्दा ठूला नाफाखोरसित भित्रि भागाबण्डा गरेर नेपालमा अहिले नक्कली समाजवादको नारा दिइरहेको छ । के स्पष्ट छ भने नेपालको संविधानमा शिक्षा, स्वास्थ्य तथा आवासलाई नेपाली जनताको म ौ ि ल क ...बाँकी ७ पेजमा

## सम्पादकीय

# फेरि देश जोगाउने संघर्ष आवश्यक

देश फेरि पनि संक्रमणमा फसेको छ। पहिले रूपान्तरण र परिवर्तनका लागि भएको दश वर्षको जनयुद्धका कारण देश संक्रमणमा थियो। त्यो बेला क्रान्तिकारी धारले विजयको परिणाम आफ्नो हातमा लिने कि तात्कालीन संसदवादी धारले भन्ने कुरामा निकै पेचिलो र दुस्मनीपूर्ण रस्साकस्सी चलेको थियो। यो कुनै खेलवाड थिएन, बरु जीवनमरणको संघर्ष थियो। यो मूलत वर्गसंघर्ष थियो। तात्कालीन अवस्थामा सिर्जित अन्तरविरोधलाई क्रान्तिकारीहरूले क्रान्तिकारी अन्तरविरोधमा रूपान्तरण गरेर आफूहरूको पोल्टामा विजयको उपलब्धि पार्न भरमग्दुर प्रयत्न गरिरहेका थिए। रूपान्तरणको यो प्रक्रिया जनपक्षीय र क्रान्तिकारी पनि थियो। तर ठीक त्यसैबेला संसदवादीहरूले तात्कालीन अवस्थामा सिर्जित अन्तरविरोधलाई संसदीय र पुरानै ढर्रामा फर्काएर हल गर्न चाहन्थे। यो भनेको यथास्थितिवादी र जनविरोधी पहल थियो। यही लडाइँका कारण देश संक्रमणको प्रक्रियाबाट गुज्रिइरहेको थियो। तर त्यो रूपान्तरणकारी संक्रमणको यात्रा प्रतिगमनतिर सोझियो। केही थोरै उपलब्धी र प्रतिफलसहित देश गणतन्त्रको अर्को प्रक्रियामा प्रवेश गर्‍यो।

तर गणतन्त्रको आगमनसँगै बाह्य शक्तिहरूको निकै प्रभाव र हस्क्षेपका कारणले दलाल पुँजीवाद स्थापना भयो। यसले जनवादी राज्यसत्ता स्थापना गरिनु पर्ने ठाउँ लियो। चरित्रका हिसाबले यो विदेशीको हस्तक्षेप र दलालीमा आधारित भएकाले देशको राष्ट्रिय स्वाभिमानमाथि यसले ठूलो धक्का पुर्‍याएको छ। भूराजनीतिक तथा रणनीतिक महत्वका हिसाबले विदेशी रणनीति र कुटनीतिको खेल मैदानमा परिणत हुन पुगेपछि अब फेरि नेपालमा अर्को संक्रमणकाल सुरु भएको छ। यो संक्रमणकाल विदेशी शक्तिले नेपालको भूराजनीतिक अवस्थितिका कारण सिर्जिएको अन्तरविरोधलाई आफ्नो स्वार्थमा प्रयोग गर्न गरिएको पहलकदमीका कारण सिर्जना हुन पुगेको हो। यो भिन्नखाले संक्रमणको हल भनेको देशभक्त तथा जनगणतन्त्रवादीहरूले लिने पहल नै हो। यो पहल आफैमा वर्तमान राज्यव्यवस्थाको विकल्पमा हुन जान्छ। यो विकल्पको स्वरूप पनि निवर्गीय हुन सक्दैन।

पहिलो संक्रमणकालको हिस्सा र पहलकदमी क्रान्तिकारी तथा संसदवादीहरूका बीचमा निकै रस्साकस्सीको अवस्थामा थियो भने पछिल्लो संक्रमणकालको पहल कदमी विदेशी शक्तिहरूको हातमा लगभग पूरै जसो छ। देशभक्त र क्रान्तिकारीहरूको आवाज केही मसिनो र झिनो मात्र छ। तर यो आवाज जनस्तरमा क्रमशः फैलिंदो र बढ्दो छ। यसलाई जनस्तरमा पुर्‍याएर झाँगिने बनाइयो भने मात्र दलाल व्यवस्थाले निम्त्याएको संक्रमणको अन्त्य गर्न सकिने छ। यो संक्रमणको अन्त्य पनि ठूलो बलिदानपूर्ण संघर्षबाट मात्र संभव छ। किनकि, विदेशी शक्तिहरू नेपालबाट आफ्नो स्वार्थसिद्धिविना हात उठाएर फर्कने अवस्थामा छैनन्। अर्को कुरा विदेशीको आशीर्वादमा बनेका नेपाली अनुहारका सरकारहरू दमनमा नउत्रिएर र फ्याकी नमागेर देशलाई स्वाभिमान बन्न दिने छैनन्। दलाल तथा बिचौलियाहरू स्वाभिमानी आन्दोलनका विरुद्ध जेहाद छेडेर लड्ने छन्। यस्तो अवस्थामा यी सबैलाई सोहर्ने र ठेगान लगाउने गरी राष्ट्रिय मुक्ति आन्दोलनको उठान गर्नु जरुरी छ। अर्को संक्रमणको अन्त्य केवल क्रान्तिकारीहरूले मात्र गर्न सक्दछन्।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# राजनैतिक सत्ताको जन्म बन्दुकको नालबाट हुन्छ



● पुष्पगोपाल श्रेष्ठ ●

**मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओको सिद्धान्त विश्वव्यापी रूपमा लागू हुनसक्छ र हुन्छ। हामीले यस सिद्धान्तलाई जडसूत्र नठानी कार्यको मार्गदर्शक ठान्नुपर्छ। यसको अध्ययन गर्नु भनेको खाली यसमा भएका शब्दहरू र वाक्याम्सहरू कण्ठ पार्नु होइन, तर क्रान्तिको विज्ञानको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवादको अध्ययन गर्नु हो**

नेपालको विशेषता के हुन भने नेपाल एउटा खासमा भन्नु नै पर्दा स्वाधीन र जनवादी देश नभएको मात्र होइन, तर ऊ त दलाल पुँजीपति, अर्ध-सामन्ति र अर्ध-औपनिवेशिक तथा नवऔपनिवेशिक देश पनि हो। आन्तरिक तथा वाह्य रूपमा नेपालमा जनवाद छँदैछैन। तर ऊ अर्ध-सामन्ती उत्पीडनको शिकार भएको छ। बाहिरी सम्बन्धहरूमा राष्ट्रिय स्वतन्त्रताको अभाव छ। ऊ साम्राज्यवादी विस्तारवादी उत्पीडनको शिकार भएको छ। यसरी हामीकहाँ उपयोग गर्न सकिने र संसद पनि छैन, छ त त्यो पनि नाउँमात्रको संघीय संसद छ र मजदुरहरूलाई आफ्नो न्यायको लागि हडताल गर्न संगठित गर्ने अधिकार छैन, आधार भूत रूपले, यहाँको कम्युनिष्ट पार्टीको अभिभारा र युद्ध छेड्नु अघि लामो समयको कानुनी संघर्षबाट गुज्रनु होइन र पहिले सहरहरूलाई कब्जा गर्नु र त्यस पछि गाउँहरूलाई कब्जा गर्नु पनि होइन, तर यहाँ त हामी ठीक त्यसको उल्टो ढङ्गले चल्नु हो।

सकेसम्म धेरै सहभागीसँग एकतावद्ध हुनु सशस्त्र संघर्ष गर्नु र परिस्थितिअनुसार राष्ट्रिय र सामाजिक मुक्तिको निम्ति घरेलु वा विदेशी सशस्त्र प्रतिक्रान्तिको विरुद्ध संघर्ष गर्नु नेपाली सर्वहारा वर्गको सामुन्ने झण्डै यसको (नेपाल कम्युनिष्ट पार्टीको) जन्मकालदेखि नै आइलागेको मुख्य अभिभारा हो। सशस्त्र संघर्ष नगरिकन नेपालमा सर्वहारा वर्ग र कम्युनिष्ट पार्टीको निम्ति कुनै स्थान रहने छैन र कुनै पनि क्रान्तिकारी अभिभारा पूरा गर्न असम्भव हुनेछ।

शस्त्र बलद्वारा राजसत्ता कब्जा गर्नु र युद्धद्वारा समस्या फर्स्यौट गर्नु क्रान्तिकारीको केन्द्रीय अभिभारा र सर्वोच्च रूप हो। क्रान्ति सम्बन्धी यो मार्क्सवादी-लेनिनवादी-माओवादी सिद्धान्त सर्वव्यापी रूपले नेपाल र अरु सबै देशमा लागू हुन्छ।

कम्युनिष्टले अत्यन्तै महत्वका साथ बुझ्नु पर्ने कुरा भनेको- सामान्यतया कम्युनिष्ट पार्टीको अध्ययन गर्न सक्ने सदस्यले मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओको सिद्धान्तहरू अध्ययन गर्नु पर्छ, हाम्रो राष्ट्रिय इतिहासको अध्ययन गर्नुपर्छ र वर्तमान आन्दोलन र प्रवृत्तिको अध्ययन गर्नुपर्छ, यस बाहेक, तिनले थोरै शिक्षा प्राप्त गरेका सदस्यलाई शिक्षित तुल्याउन मद्दत गर्नुपर्छ। खास गरेर काडरले यी विषयको राम्ररी अध्ययन गर्नुपर्छ, उता केन्द्रीय समितिका सदस्य र उपल्लो तहको काडरले त यी विषयमा झन बढी ध्यान दिनुपर्छ। आफुसित एउटा क्रान्तिकारी सिद्धान्त नभइकन, इतिहासको ज्ञान नभइकन र व्यवहारिक आन्दोलनलाई गहन रूपले नबुझिकन कुनै पनि राजनैतिक पार्टीले एउटा महान क्रान्तिकारी आन्दोलनलाई विजयसम्म डोर्‍याउन असम्भव छ।

मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओको सिद्धान्त विश्वव्यापी रूपमा लागू हुनसक्छ र हुन्छ। हामीले यस सिद्धान्तलाई जडसूत्र नठानी कार्यको मार्गदर्शक ठान्नुपर्छ। यसको अध्ययन गर्नु भनेको खाली यसमा भएका शब्दहरू र वाक्याम्सहरू कण्ठ पार्नु होइन, तर क्रान्तिको विज्ञानको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवादको अध्ययन गर्नु हो। यसको अर्थ मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओले वास्तविक जीवनको व्यापक अध्ययन र क्रान्तिकारी अनुभवको आधारमा प्रस्तुत गर्नु भएका सामान्य नियमहरू बुझ्नु मात्र होइन तर समस्याहरूको जाँचबुझ र समाधान गर्ने उहाँहरूको दृष्टिबिन्दु र पद्धतिको अध्ययन गर्नु हो।

मुलुकमा विद्यमान यो जतिलतम् समस्या समाधान गर्ने सम्बन्धमा भन्नुपर्दा, सशस्त्र सेना बेगर नेपालका यी समस्याहरू हल गर्न सकिन्दैन भन्ने अनुभवसिद्ध कुरा हो। यो कुरा बुझ्नाले भारतीय विस्तारवाद विरोधि प्रतिरोध युद्धलाई सफलता पूर्वक संचालन गर्नमा मद्दत मिल्ने छ। भारतीय विस्तारवाद विरोधी युद्धमा आवश्यक्तानुसार सशस्त्र प्रतिरोधको निम्ति सिङ्गै राष्ट्रलाई खडा गर्नु र हुनु एउटा यस्तो तथ्य हो जसले यस समस्याको महत्व अज्झ राम्ररी बुझ्न सम्पूर्ण पार्टीलाई शिक्षा दिन्छ, र हरेक पार्टी सदस्यले कुनै पनि बेला हतियार उठाउन र मोर्चामा जान तयार रहनुपर्छ।

अर्को कुरा २०७४ असोजमा पोखरामा भएको पार्टीको राष्ट्रिय सम्मेलनमा साम्राज्यवाद, विस्तारवादविरोधी तथा देश र जनताको पूर्ण मुक्ति र स्वतन्त्रताको निम्ति आवश्यक राजनैतिक प्रतिवेदन तथा नेपाली समाजको स्वरूप र पार्टीको आमकार्यदिशासम्बन्धी दस्तावेज पारित गरी पार्टीका मुख्य कार्यक्षेत्र, युद्ध क्षेत्र र शत्रुका पछिल्ला भाग हुन् भन्ने कुराको निर्णय गरेर हाम्रो प्रयत्नको स्पष्ट दिशा निर्धारित गरेको छ। यो कुरा पार्टी संगठनमा र जनआन्दोलनमा मात्र काम गर्न इच्छुक हुने तर अध्ययन गर्न र युद्धमा भाग लिन अनिच्छुक रहने मानसिक्तामा रहेका केही पार्टी सदस्यविरुद्ध र आफ्नो मातहतका काडरहरूलाई आवश्यक्ता अनुरूप कुनै पनि बेला कुनै पनि क्षेत्र र मोर्चामा जानको निम्ति, प्रोत्साहित गर्न बिफल केही सम्बन्धित निकाय (नेतृत्व पङ्क्ति) मा रहिआएको कमिकमजोरीबाट माथि उठी/उठाई सकारात्मक सोच निर्माण गरी/गराई अगाडि बढ्न बढाउन, यस्तो बेला आपसी सहयोगको ठूलो खाँचो पर्दछ।

क्रान्तिकारी कम्युनिष्टहरूले अवश्य पनि यो कुरा बुझेकै हुनुपर्छ, नेपालको अधिकांस भागमा संगठनात्मक कार्य र जन-आन्दोलनका कार्यहरू प्रत्यक्ष रूपले सशस्त्र संघर्षसँग गाँसिएका हुन्छन्, सशस्त्र संघर्षबाट अलग्गिएको र स्वतन्त्र पार्टी-कार्य वा जन-कार्य न त कतै छ न त हुनसक्छ।

सच्चा क्रान्तिकारी कम्युनिष्ट निजी सैन्य सत्ताको निम्ति कहिल्नै लड्दैन। तिनले कहिल्यै त्यसो गर्दैन र गर्नु हुँदैन। तर तिनले पार्टीको सैन्य सत्ताको निम्ति, जनताको सैन्य सत्ताको निम्ति भने लड्नै पर्छ। राष्ट्रिय सत्ताको सवाल बारेमा अल्लारेपना रहन गएको खण्डमा एउटा रौंसम्म पनि हात लाग्ने छैन। क्रान्तिकारीले अत्यन्तै महत्वका साथ हेक्का राख्नु पर्ने कुरा भनेको हजारौं वर्षदेखि प्रतिक्रियावादी शासक वर्गको छलकपट र धाकधम्कीको सिकार भई आएका श्रमिक जनतालाई आफ्नो हातमा बन्दुक हुनुपर्ने कुराको महत्व बुझाउन सुझाएजस्तो त्यति सजिलो नहुनुमा आश्चर्य मान्नु पर्ने कुरै होइन, किनभने अहिलेसम्म पनि यहाँ आफुलाई अब्बल दर्जाका कम्युनिष्ट नेता हुँ भनी छाती फुलाई हिंड्ने कतिपय नेता भइटोपलेकाले त सहज रूपले यो गहन कुरा बुझ्न सकेका छैनन् भने ती त सोझा सिधा उत्पीडित श्रमिक जनता हुन्।

साम्राज्यवाद विस्तारवादको उत्पीडन विशेष त भारतीय विस्तारवादको हेपा र मिचाहा प्रवृत्तिले यतिखेर सिङ्गो देशलाई राष्ट्रिय प्रतिरोध युद्धमा उत्रन बाध्य पारिरहेको वर्तमान स्थितिले श्रमिक जनतालाई पनि युद्धको रङ्गमंचमा धकेलिरहेको स्थितिमा सच्चा क्रान्तिकारी कम्युनिष्टले आफुलाई यस प्रतिरोध युद्धमा राजनैतिक रूपले सबैभन्दा सचेत नेता साबित गर्न सक्नु पर्दछ।

विश्व-मानवसमाजको उदय हुनु सँगसँगै मानवीय आवश्यकताअनुरूप समय साप्यक्ष ढङ्गले हुँदै आएको श्रृङ्खलावद्ध विकासको सिलसिलाभित्र सिर्जित वर्ग विभेद जस्ता अनेकौं विकृति र विसंगतिका प्रतिबिम्बस्वरूप कुनै पनि सन्तानले आफुलाई जन्मदिने आमा-बुबाको मोलाहिजा र गल्ति गर्दैन र अनावश्यक बोझ ठान्ने मात्र होइन, अपितु पैसाको मोहले गर्दा ऊ आफुले आफ्नै स्वअस्तित्वलाई समेत गिन्ति गर्दैन र आफुले आफुलाई भुलिइसकेका ...बाँकी ७ पेजमा

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# अनागरिक

यही मैनाको तेर गते गैरसरकारी नेकपा उर्फ रोल्पाली बाबुसाबको पाटीले नेपाल मण्डलमा भोटे ताल्चा ठोक्यो। आफ्ना पाटीका नेता र कार्यकर्ताहर्लाई सरखारले झ्यालखानामा कोचेको र एकजनालाई त गोली हानेर ठाउँका ठाउँ खुस्रुकै पार्‍यो। यो घटनाले बाबुसाबलाई हुनसम्मको रिस उठ्यो। आफ्ना नेतालाई छोप्दै झ्यालखानामा लगेर कोच्दै गर्ने र कार्यकर्तालाई त घुत्रुकै पारेर मारिदिएपछि जस्लाई पनि रिस उठ्छ। रिस उठ्नु स्वभाविक पनि हो। हिज मिस्टर सुप्रिमोलाई पनि उठेकै त हो। उखानेलाई पनि उठेकै हो। त्यसको विरोधमा बाबुसाबको पाटीले नेपाल मण्डलमा ताल्चा ठोकेर बन्द गरिदिए। दमुलुकमै ताल्चा ठोकपछि त सबै ठाउँका ठाउँ बन्दमा परेर बन्धक भए। ताल्चा ठोकेर बन्द गराउने क्रममा सरखारलाई तर्साउन, बन्दको अपहेलना गर्नेहलाई धम्काएर सातोपुत्लो उडाइदिनका लागि दुइचार ठाउँमा गोला बारुद पड्काउने योजना बनाए। केही ठाउँमा धडाम् धुडुम् पारेर पड्काए पनि। त्यसै क्रममा काठमाण्डु खाल्टोमा पडकाउने तयारी गर्न थालेको बेला दुइचार ठाममा भडाङभुडुङ भएर पड्किहाल्यो। बमगोला पड्काउँदा बाबुसाबका चारपाँच थान लडाकाहरू पनि पड्किहाले। पाँच थान लडाका परमधाम पुगे भने केही घाइते भए। बाबुसाबलाई पर्‍यो फसाद।

पैला पैलाको बन्द भन्दा यसपालाको बन्दा निकै सुनसान भयो। पैलापैला त सहर बजारभित्र गाडि मोटर घारघार घुरघुर गरेर गुड्थे। यसपाला त ती पनि चुपचाप भए। आफ्ना लडाकाले ज्यान गुमाएपछि त बाबुसाबले पनि बमगोला पड्काउने काम आफ्नो पाटीले गरेको भनेर स्वीकार्न बाध्य हुन पर्‍यो। पैला पैलाका बन्दमा पनि पड्काउने काम त भएकै थियो तर कस्ले पड्कायो भनेर कसैले पनि जिम्म लिँदैनथ्यो। बाबुसाबले पनि कैल्यै पनि जिम्मा लिएका थिएनन्। तर यसपाला आफ्ना लडाका मरेपछि र घाइते भएका पकडिएपछि जिम्मा लिनै पर्ने भयो। उनले जिम्मा लिएपछि सरखारलाई पक्का प्रमाण भैहाल्यो। उसले खोजेकै प्रमाण थ्यो त्यो पाइहाल्यो। सरखारको काम भनेको सतपुर्खे प्रमाण भिराएर त मुद्दामामिला लगाउँथ्यो, झन तात्तातो प्रमाण पाएपछि उसलाई के खोज्छस् नेत्रहीन आँखो भनेझैं भयो। अब उसलाई पैला पकडिएर झ्यालखानामा कोचिएकालाई पनि यै तेर गतेको बन्दमा मिारएका मनुखे र बमगोलाको मुद्दा लाएर थुनिराख्न मिल्ने भयो।

सम्विधान लेखेर तिन्टा सरखार बनाएर ककटेल पिकनिक खाइरहेको सरखारी कम्निस पाटीलाई त दाँतैमा ढुङ्गो लागि हाल्यो। अझ पुलिस मन्तरी भएका मिस्टर लिनप्याओवादीलाई त हुन सम्मको रिस यठ्ने कुरो भैहाल्यो। हिज एउटै पाटीमा हुँदा आफ्नै विरुद्ध मोर्चा कसेर गुटको खेलामेला गरेर सताएका बाबुसाबलाई कसरी ठिक पारेर बदला लिउँ भनेर मुमुरिएका पुलिस मन्तरीलाई झोँक चलेकै थियो।

तेर गते बाबुसाबको भोठेताल्चाले नेपाल पुरै बन्द भएपछि जताततै उनको चर्चा हुन थाल्यो। देश विदेशमा उनको पाटीको चर्चा सुलहझैं फैलिहाल्यो। नेपाल मण्डलमा अब सुशासन छ, शान्ती र अमनचैन छ भनेर कमण्डलु थाप्दै हिँडेको उखानेको सरखारलाई कमण्डलु रित्तो हुने अवस्था आयो। कमण्डलु रित्तो हुने भएपछि खसिको टाउको झुण्डाएको दुकानका मान्नेहर्को पनि झोँक चल्ने, रिस उठ्ने, छटपटी हुने कुरो त भैहाल्यो। त्यसैले पुलिसमन्तरीलाई यो घटनाको बारेमा मान्नेहलाई प्रस्ट पार्न र्‍याखर्‍याख पारे। मान्नेहर्लाई जबाफ दिनै पर्ने भयो। मान्नेहर्ले बमगोलाबाट मारिने को हुन्, के हुन् भनेर प्रश्न गरे। त्यसपछि पुलिस मन्तरीले बडा गजबसित जबाफ दिए 'बमगोला पट्काउने घोर आतङ्ककारी हुन्। घटनामा मारिनेहर्त झन् नागरिक नै हैनन्। ती अनागरिक हुन्। सतपुर्खे बानरका चोला पनि हुन सक्चन्।' हुन पनि हो ती अनागरिक नै हुन्। ती नेपाल मण्डलका नागरिक हुनै सक्तैनन्। नेपाली नागरिकले नेपाल मण्डलमा बमगोला कसरी पट्काउन सक्च ? त्यै भर हिज जनयुद्धमा बमगोला पट्काउँदा सुप्रिमो, डाक्टर र आफूहरू सबै पर्भुका देशाँ बसेका थे। नेपाल मण्डलमा जम्मेको, उसको जिजुपुर्खादेखि बसेको मनुखे नेपालको नागरिक हुनै सक्दैन। यहाँको नागरिक हुन त पर्भुको देशतिरबाट आएको हुन पर्च। त्यै भएर त पुलिस मन्तरीले नागरिकता विधेयक ल्याएर पर्भुका देशबाट आएका दलाल, ब्यापारी, चटपटे, सबैलाई नागरिकता दिएर यतैको बंश बनाएर राख्न खोजेका हुन्। सरखार चलाउन, मन्तरी बन्न, पाटी चलाउन पर्भुको आशिर्वाद नलिई हुँदैन। यो सबै गर्न पर्भुको आशिर्वाद चाहिन्छ भने भोट हाल्ने मनुखे पनि उतैबाट आएकालाई पक्का बनाएपछि यहाँका रैथाने अनागरिकलाई मानिराख्नु पनि परेन। त्यैभएर यहाँका रैथाने अनागरिकलाई विदेश पठाउने र पर्भुले पठाएकालाई यहाँको वास्तविक नागरिक बनाएपछि आफ्नो सत्ताको आयु पनि लामो हुने र बमगोला पड्काउनेलाई ठिक पार्न सजिलो हुने भनेर पुलिस मन्तरीले नागरिकता विधेयक ल्याएका हुन्।

त्यसैले यो कैलुब्राह पनि के ठहरमा पुगेको छ भने नेपाल मण्डलमा बसोबास गरेका रैथाने मनुखे जति अनागरिक हुन्। किनकि तिनले गरिबगुरुवाको व्यवस्था आ'छैन भनेर कराइरखेका छन्। खान, लाउन, पढनलेख्न, र गतिलोसित बाँच्ने अधिकार आ'कै छैन भनेर कराउने जति अनागरिक हुन्।

*१९ जेठ २०७६*

# कम्युनिष्ट पार्टी संगठनबारे लेनिनका विचार



कृष्णदास श्रेष्ठ

*स्वतन्त्रतालाई पार्टीद्वारा निर्धारित कार्यदिशा तथा कार्यनीतिको विरोध गर्ने, पार्टीको सिद्धान्तको विरूद्ध प्रचार गर्ने, राजनीतिक कार्यवाहीको एकतालाई बिथोल्ने स्वतन्त्रताको रूपमा कसै कसैले लिने गरेको र अवसरवादी उद्देश्यमा त्यसको प्रयोग गर्न खोजेको तथ्यलाई माथि उल्लेख गरिएको छ । उक्त अवसरवादी प्रवृत्तिलाई पार्टीमा छुट दिन नहुने विचार व्यक्त गर्दै, लेनिनले पार्टीमा विचार र कार्यमा एकता अर्थात् एकनिष्ठता हुनुपर्ने कुरामा जोड दिएका छन्*

जनवादी-केन्द्रीयता भनेको सम्पूर्ण पार्टी जीवनको संचालनमा जनवादसित केन्द्रीकृत नेतृत्वको जीवन्त मेल हो। जनवाद र केन्द्रीयताको द्वन्द्वात्मक स्वरूप रहेको यस सिद्धान्तको ठीक ढंगबाट प्रयोग नभएको खण्डमा खराब परिणामहरू निस्कने गरेका छन् । वास्तवमा जनवाद र केन्द्रीयताबीच सन्तुलित सम्बन्ध नभएर एउटाको विरुद्ध अर्कोको आधिक्यता हुनु त्यसको गलत प्रयोग हो । यसलाई लेनिनले निम्नरूपमा स्पष्ट पारेका छन् : "हामी जनवादी केन्द्रीयताको पक्षमा छौं । र, जनवादी केन्द्रीयता एकातिर नोकरशाही केन्द्रवादबाट र अर्कोतिर अराजकतावादबाट कति धेरै भिन्न छ भन्ने कुरालाई स्पष्टसित बुझ्नु पर्छ ।"११

माथि उद्धृत भनाइमा लेनिनले जनवादी केन्द्रीयतालाई ठीक ढंगबाट बुझ्न नसक्ने र गलत अर्थमा त्यसको प्रयोग हुनसक्ने कुराप्रति संकेत गरेका छन् । केन्द्रीयताको नाउँमा नोकरशाही व्यवहार हुँदा, जनवादको नाउँमा अराजकतावादी व्यवहार हुँदा त्यसबाट अनेकौं विसंगतिहरू पैदा हुने गर्छन् । हामीले कस्तो स्थिति देख्ने गरेका छौं भने पार्टी संगठन निर्माणको सम्बन्धमा अवसरवादी प्रवृत्ति राख्नेहरू केन्द्रीकृत नेतृत्वको विरोधमा जनवादलाई उभ्याउने गर्छन् भने नोकरशाही प्रवृत्तिका नेताहरू जनवादको विरुद्ध केन्द्रीतालाई तेर्स्याउने गर्छन् ।

जनवादी केन्द्रीयतामा मुख्यरूपमा दुईवटा कुरा छन् : केन्द्रीयता जनवादको आधारमा रहन्छ भने जनवाद केन्द्रीकृत नेतृत्वअन्तर्गत रहन्छ । अर्थात् पार्टीका सबै कार्यकारीणी निकायहरू पार्टी सदस्यहरूद्वारा चुनिएका हुन्छन् । पार्टीका कार्यक्रम, नीति तथा मुख्य प्रस्तावहरू तिनका प्रतिनिधिहरूद्वारा पारित गरिएका हुन्छन् र तिनीहरूले नै नेतृत्वकारी निकायलाई पार्टी कामको संचालन गर्ने अधिकार दिएका हुन्छन् । अल्पमत बहुमतको, तल्ला कमिटि माथिल्ला कमिटिको, व्यक्ति संगठनको र सबै पार्टी संगठनहरू केन्द्रीय कमिटिको अधिनस्थ रहने सिद्धान्तका आधारमा व्यवस्थित रूपबाट पार्टी कार्यको सम्पादन गरिन्छ । त्यसको अर्थ पार्टी जनवादी ढंगबाट संगठित रहन्छ भन्ने हो । लेनिनले अन्तरपार्टी जनवादको सारतत्वलाई निम्नरूपमा व्यक्त गरेका छन् :

"यसको अर्थ के हो भने पार्टीका सारा मामिलाहरूको सञ्चालन विनाअपवाद समान अधिकारहरू भएका पार्टीका सबै सदस्यहरूद्वारा या प्रत्यक्षरूपमा या तिनका प्रतिनिधिहरूद्वारा गरिन्छ । अर्को कुरो के भने, पार्टीका सबै अधिकृतहरू, सबै नेतृत्वकारी निकायहरू र सबै संगठनहरू निर्वाचनको अधिनस्थ रहन्छन्, तिनीहरू आफ्ना मतदाताहरूप्रति उत्तरदायी रहन्छन् र प्रत्यावहानको अधिनस्थ रहन्छन् ।"१२

जनवादी केन्द्रीयता भनेको पार्टी संगठन र त्यसका कार्यहरूको संचालन गर्ने एउटा विधि हो, जसले त्यसको समग्र आन्तरिक जीवनलाई सुव्यवस्थित र सुसंयोजित गर्दछ र पार्टी नेतृत्वलाई आम पार्टी सदस्यतासित एकजुट पार्दछ । पार्टीभित्र देखापर्ने नोकरशाही केन्द्रीयता वा जनवादविरोधी निरंकुशता र त्यस्तै अराजकतावाद र स्वच्छन्दतावाद त्यसका एकदमै विपरीत छन्, र ती पार्टी एकताका लागि हानिकारक रहन्छन् ।

अन्तरपार्टी जनवादको एउटा अति महत्वपूर्ण र अभिन्न पक्ष के हो भने पार्टी सदस्यहरूले कुनै पनि विषयमा छलफल गर्ने स्वतन्त्रता पाएका हुन्छन् र आफ्नो धारणा, मत र सुझाव प्रस्तुत गर्ने तिनीहरूको अधिकार रहन्छ । पार्टीद्वारा आयोजना गरिने सभा सम्मेलनहरूमा र पार्टी कमिटि बैठकहरूमा पार्टीका नीति र निर्णयहरूबारे छलफल गर्ने र खुल्लारूपमा आफ्नो विचार प्रस्तुत गर्ने तिनीहरूको अधिकारभित्रको कुरा रहन्छ ।

तर, पार्टी कार्यकर्ताहरूको उपरोक्त अधिकार कुनै निरपेक्ष वा अपरिमित अधिकार होइन, त्यसका केही आफ्ना सीमाहरू छन् । विचार प्रकट गर्ने स्वतन्त्रता छ भन्दैमा पार्टीद्वारा निर्धारित कार्यक्रम र त्यसका सामान्य कार्यदिशाका विपरीत विचारहरू प्रचार गर्ने छुट रहँदैन । पार्टीको वैचारिक तथा सांगठनिक एकतामा खलल पार्ने, त्यसलाई कमजोर पार्ने र त्यसको सामान्य राजनीतिक कार्यदिशाको खण्डन गर्ने, विचारलाई पार्टीभित्र प्रचार गर्ने खुल्ला छुट/अधिकार दिएमा त्यसले पार्टीको लागि ठूलो हानी पुऱ्याउँछ । यस सम्बन्धमा लेनिनले भनेका छन् :

"हामी पार्टीभित्र मत व्यक्त गर्ने स्वतन्त्रता प्रदान गर्छौं" तर निश्चित सीमाहरूसम्म ....हामी पार्टीको बहुमतद्वारा अस्वीकृत गरिएका विचारका प्रचारकहरूसँग हातमा हात मिलाएर जान वाध्य छैनौं ।" १३

यसरी लेनिनले खास सीमाभित्र मात्र मत व्यक्त गर्ने अधिकार पार्टीमा रहने कुरा बताएका छन् । पार्टीद्वारा स्वीकृत विचारको विरोधमा प्रचार गर्ने पार्टीमा छुट दिन नहुने उनको विचार छ । यसलाई लेनिनको तल उद्दृत भनाइले अरु स्पष्ट पार्दछ । उनले भनेका छन् : "पार्टी एउटा ऐच्छिक संगठन हो, र यदि त्यसले पार्टीविरोधी विचारहरूको वकालत गर्ने मानिसहरूलाई आफूबाट हटाएन भने, पार्टी अनिवार्य रूपबाट, पहिले सैद्धान्तिक रूपले र अनि भौतिक रूपले फुट्ने छ । पार्टी र पार्टीविरोधीलाई छुट्याउने सीमारेखा भनेको पार्टी कार्यक्रम, पार्टीका कार्यनीति, प्रस्ताव तथा त्यसका नियमहरू, अन्तर्राष्ट्रिय सामाजिक जनवादको सम्पूर्ण अनुभव, सर्वहारावर्गका ऐच्छिक, अन्तर्राष्ट्रिय संगठनहरू हुन् ।" १४



पार्टीका नीति तथा स्थितिलाई लिएर पार्टीभित्र छलफल र आलोचना गर्ने अधिकार सदस्यहरूलाई रहेको हुन्छ, अर्थात् पार्टीभित्र आलोचनाको स्वतन्त्रात्मक रहन्छ । तर, त्यस्तो छलफल र आलोचना सैद्धान्तिक र मैत्रीपूर्ण हुनु आवश्यक छ र त्यो पार्टीलाई सुधार्ने र त्यसमा रहेका कमीकमजोरहरूलाई हटाउने र यसरी पार्टीको सैद्धान्तिक र सांगठनिक एकतालाई अरु सुदृढ पार्ने उद्देश्यबाट प्रेरित हुनुपर्छ । पार्टीभित्र आलोचना कुने सीमाभित्र हुनुपर्ने र त्यसले कार्यगत एकतामा कुनै वाधा वा आच पार्न नहुने कुरामा उनको जोड रहेको छ । उनले भनेका छन् : "पार्टी कार्यक्रमका सिद्धान्तहरूको सीमाभित्र पार्टी सभाहरूमा मात्र होइन, सार्वजनिक सभाहरूमा आलोचना विलकूल स्वतन्त्र हुनुपर्छ । यस्तो आलोचना वा यस्तो आन्दोलन( किनभने आलोचना आन्दोलनबाट अभिन्न छ,) लाई मनाही गर्न सकिदैन । पार्टीको राजनीतिक कार्य एकतावद्ध हुनुपर्छ । निश्चित कार्यहरूको एकताको उलंघन गर्ने कुनै पनि आह्वानहरू या त सार्वजनिक सभामा, या पार्टी बैठकमा या पार्टी प्रेसमा सह्य हुन सक्दैनन् ।"

अगाडि उनी भन्दछन्, जनवादी केन्द्रियताको सिद्धान्त र स्थानीय पार्टी संगठनका लागि स्वायत्तताले आलोचना गर्ने सर्वव्यापी र पूर्ण स्वतन्त्रतालाई इंगित गर्दछ, जबसम्म त्यसले कुनै निश्चित कार्यको एकतालाई बिथोल्दैन । त्यसले यस्ता सारा आलोचनालाई बहिष्कार गर्छ, जसले पार्टीबाट निर्णय गरिएको कार्यको एकतालाई बिगार्छ वा कठिन बनाउछ"१५

आलोचना गर्ने स्वतन्त्रता अन्तरपार्टी जनवादको एउटा महत्वपूर्ण पक्ष हो, तर त्यसको प्रयोग ठीक ढंगबाट र ठीक दिशामा र विषयगत हुनु एकदमै जरुरत रहन्छ । त्यसको प्रयोग गलत ढंगबाट हुने गरेका घटनाहरू छन्, जब आलोचकहरूले "आलोचनाको स्वतन्त्रता"को नाउँमा पार्टीका राजनीतिक दिशा र कार्यनीति र मार्क्सवादका आधारभूत प्रस्थापनाहरूसमेतको विरोध गर्दछन् । यो वास्तवमा उक्त "स्वतन्त्र" को गलत प्रयोग हो । लेनिनले त्यस्तो खालको आलोचनात्मक प्रवृत्तिलाई विरोध गरी त्यसलाई पार्टीमा छुट दिन नहुने बताएका छन् । उनले लेखेका छन् ।

"जो व्यक्ति जानाजान आफ्नो आँखा बन्द गर्दैन, उनले कुन कुरालाई नदेखिरहन सक्दैनन् भने समाजवादमा रहेको नयाँ "आलोचनात्मक" प्रवृत्ति एउटा नयाँ रूपले अवसरवादभन्दा बढी पनि होइन घटी पनि होइन । यदि हामी मानिसहरूले लगाएका चमकदार पोशाक वा आफूलाई दिने ओजस्वी नामको आधारमा होइन, बरु तिनीहरूले जाँच गर्छौं भने, कुन कुरा स्पष्ट हुन्छ कि ' आलोचनाको स्वतन्त्रता' को अर्थ सामाजिक जनवादमा एउटा अवसरवादी प्रवृत्तिका लागि स्वतन्त्रता, सामाजिक जनवादलाई जनवादी सुधारको पार्टीमा फेर्ने स्वतन्त्रता, समाजवादभित्र पुँजीवादी विचार तथा पुँजीवादी तत्वहरूलाई घुसाउने स्वतन्त्रता हुन जान्छ । १६

आलोचनाको स्वतन्त्रतालाई पार्टीद्वारा निर्धारित कार्यदिशा तथा कार्यनीतिको विरोध गर्ने, पार्टीको सिद्धान्तको विरुद्ध प्रचार गर्ने, राजनीतिक कार्यवाहीको एकतालाई बिथोल्ने स्वतन्त्रताको रूपमा कसै कसैले लिने गरेको र अवसरवादी उद्देश्यमा त्यसको प्रयोग गर्न खोजेको तथ्यलाई माथि उल्लेख गरिएको छ । उक्त अवसरवादी प्रवृत्तिलाई पार्टीमा छुट दिन नहुने विचार व्यक्त गर्दै, लेनिनले पार्टीमा विचार र कार्यमा एकता अर्थात् एकनिष्ठता हुनुपर्ने कुरामा जोड दिएका छन् । पुँजीवादी मनस्थितिको एउटा विशेषतास्वरूप पाइने विचारमा असंगति तथा खिचडीपन र दृष्टिकोणमा ढुलमुलपन पार्टीको लागि निकै हानिकारक हुनाले उनी त्यसका दृढ विरोधी थिए ।

आलोचना-आत्मालोचनाको सिद्धान्त जनवादी-केन्द्रीयताको एउटा प्रमुख तत्व हो । पार्टीभित्र आलचेना गर्ने र राय व्यक्त गर्ने सम्बन्धमा माथि चर्चा गरिसकिएको छ । पार्टी सदस्य र कार्यकर्ताहरूले सम्बन्धित विषयमा केन्द्रीत रही आफूलाई लागेको कुरा साहसका साथ बोल्ने, आलोचनात्मक ढंगबाट सोच्ने र पुरा जिम्मेवारीको भावका साथ पार्टी नीति तथा गतिविधि, सम्बन्धित विचार व्यक्त गर्नु आवश्यक छ, र त्यसमा पार्टीले उनीहरूलाई प्रोत्साहित गर्नुपर्छ । त्यसको लागि पार्टीद्वारा दिइने प्रोत्साहन अन्तरपार्टी जनवादको विकासको लागि एउटा महत्वपूर्ण तत्व हो । यसमा एउटा अति आवश्यक कुरा के छ भने नेतृत्वकारी नियकायहरूमा रहेका नेताहरूले सदस्यहरूको आलोचनाप्रति गम्भीर चासो र ध्यान दिनुपर्छ र तिनीहरूको आलोचना र सुझावलाई सकार्न मानसिकरूपले तयार रहनु पर्छ । अरुबाट हुने आलोचना र सुझावप्रति बेवास्ता गर्ने र आलोचनाप्रति नराम्रो भावना लिने गरेमा अन्तरपार्टी जनवादको सफल प्रयोग हुन सक्दैन ।

लेनिनले आत्मालोचनाको आवश्यकता र महत्वमा निकै जोड दिएको छ र कस्तो विचार व्यक्त गरेका छन् भने त्यसको प्रयोग कम्युनिष्ट अन्य पार्टीहरूबाट छुट्याउने एउटा महत्वपूर्ण चिन्ह हो । उनको भनाइ छ :

"आफूले गरेको गल्तीप्रति कुनै राजनीतिक पार्टीले अपनाउने दृष्टिकोण त्यो पार्टी कतिसम्म इमान्दार छ र त्यसले कुन रूपमा आफ्नो वर्ग तथा श्रमिक जनताप्रतिको आफ्नो दायित्वलाई पुरा गर्छ भन्ने कुरालाई जाँच्ने एउटा अत्यधिक महत्वपूर्ण तथा गंभीर उपाय हो । गल्तीलाई खुलस्तरूपमा सकार्नु, गल्ति हुनाको कारणलाई निश्चित गर्नु, कुन स्थितिमा गल्ती हुन गएको हो, त्यसको विश्लेषण गर्नु, त्यसलाई सुधार्नका लीगि उपाय पत्ता लाउनु, यो नै एउटा गंभीर पार्टीको चिन्ह हो । र, त्यसले आफ्नो वर्ग र जनसमुदायहरूलाई शिक्षित र प्रशिक्षित पार्नुपर्छ ।" १७

पार्टीमा आत्मालोचनाको विवेकपूर्ण व्यवहारिक प्रयोग त्यसको एउटा प्रमुख पहिचान हो । यस सम्वन्धमा नेतृत्वकारी कमिटिका सदस्यहरूले सर्वप्रथम आफूबाट भएका कमजोरी तथा गल्तीहरूलाई लिएर आत्मालोचक बन्नुपर्छ र त्यसमा तिनीहरूले दृष्टान्त प्रस्तुत गर्नुपर्छ । यसले तलका सदस्यहरूमा आत्मालोचनाको प्रवृत्तिको किवास गर्नमा ठूलो प्रेरणा र सहयोग प्रदान गर्नेछ । त्यसको अर्थ के हो भने पार्टीभित्र जनवाद र आत्मालोचनाको प्रयोगलाई व्यापक बनाउन नेतृत्वमा रहेका कार्यकर्ताहरूको ठूलो जिम्मेवारी र भूमिका रहन्छ ।

अर्को कुरा लेनिनले सत्यलाई आम श्रमिक जनताबाट लुकाउन नहुने बरु सत्यलाई तिनीहरूका सामु खुलस्त राख्नुपर्ने कुरामा जोड दिएका छन् । सर्वहारावर्गको लागि सत्य मात्र हितकार हुने कुरालाई औल्याउँदै उनले आफूले जस्तोसुकै कटु भए पनि सत्य कुरो जनतालाई बताएर आएको उल्लेख गरेका छन् । उनले कुन कुरो बडो जोडका साथ बताएका छन् भने जनतालाई सत्य बताउनु सर्वहारा नेताको एउटा महत्वपूर्ण पहिचान हो । जनतालाई सत्य कुरा बताउन नचाहने वा डराउने नेताहरूलाई इंगित गर्दै उनले भनेका छन् :

"तपाईं पूँजीवादी तरिकाबाट सर्वहारा नीतिको अनुसरण गर्न चाहनुहुन्छ । जो नेताहरू आफ्नो मण्डलभित्र आफ्नो बीचमा सत्यलाई जानका हुन्छन् र आम जनतालाई अज्ञानी र मन्दबुद्धिका ठानेर सो सत्य उनीहरूलाई बताउँदैनन् । तिनीहरू सर्वहारा नेता होइनन् । साँचो कुरा बोल्नोस्.....शत्रुलाई धोका दिनका लागि जनताप्रति वेइमानी हुनु भनेको एउटा बेवकुफी तथा कुबुद्धियुक्त नीति हो । सर्वहारावर्गलाई सत्य चाहिएको छ, र त्यसको लक्ष्यका लागि सौजन्ययुक्त निम्न पुँजीवादी झुटभन्दा बढी हानिकारक अर्को कुनै कुरो छैन ।" १८

उपरोक्त सम्बन्धमा लेनिनको शिक्षाको सार के छ भने सर्वहारा नेताहरूले जनतासित खेलवाड वा छलछाम गर्नुहुन्न र लोकाचारी व्यवहार गर्नु कदापी हुन्न । पार्टीले सामना गर्नुपरेका अपठ्याराहरू र त्यसका कमीकमजोरीहरू नलुकाइकन वा शब्दजाल बनाएर झुटो सन्देश दिने नगरिकन जनतालाई सत्य कुरा बताउनु पर्छ ।

पार्टी नेताहरूले कटु सत्य जनतालाई बताउने नीति अनुसरण गर्नपर्ने उनको उपदेश छ । उनी भन्छन् :

"सतयागासो (कउभअषयगक) वाक्यांशको मद्दतले कुनै नरमाइलो सत्यलाई छोप्नु सर्वहारावर्गको लक्ष्यको लागि र श्रमिक जनताको लक्ष्यको लागि अत्यधिक हानिकारक र अत्यधिक खतरनाक छ । जतिसुकै कटु भए पनि सत्यको विनाछल सामना गर्नैपर्छ । यस आवश्यकतालाई पुरा नगर्ने नीति विनाशकारी नीति हो ।"१९

सत्यमा टिक्नु र जनतालाई सत्य कुरा बताउनु र आफ्ना गल्तीप्रति आत्मालोचक भएर त्यसलाई सच्याउनु सर्वहारावर्गको अगुवाको रूपमा पार्टीले पुरा गर्नुपर्ने महत्वपूर्ण दायित्व हो । यो समग्र पार्टी र पार्टी सदस्यहरूले श्रमिक जनताप्रति अपनाउनुपर्ने सही दृष्टिकोणको अंग पनि हो ।

कम्युनिष्ट पार्टीमा कडा अनुशासनको आवश्यकतामा कम्युनिष्टहरूमाझ दुईमत रहेको पाइँदैन । सर्वहारावर्गको पार्टीको हैसियतले त्यसले आफ्नो जिम्मेवारीलाई पुरा गर्नसक्नुका लागि अनुशासन एउटा अपरिहार्य सर्त रहन्छ । लेनिनले त्यसको अपरिहार्यतामा निकै जोड दिएका छन् । उनको भनाइ छ : चारैतिरबाट सर्वहारावर्गलाई घेरिराखेको निम्न पूँजीवादी वातावरणले "सर्वहारावर्गलाई छिचोल्छ र भ्रष्ट पार्छ र निरन्तर रूपबाट सर्वहारावर्ग निम्नपूँजीवादी लुलोपन, बेमेल, व्यक्तिवाद र पालैपालो गरी आत्मविभोरता र नैराश्यका भावहरू पैदा गर्छ । त्यसलाई पराजित गर्नका लागि र सही ढंगले सफलतापूर्वक र विजयी ढंगबाट सर्वहारावर्गको राजनीतिक पार्टीभित्र कठोरतम केन्द्रीयकरण र अनुशासन आवश्यक छ ।" २०

अनुशासन कायम गर्न पुरा गर्नुपर्ने जुन सर्तहरूको लेनिनले उल्लेख गरेका छन्, ती निकै महत्वपूर्ण छन् । सर्वहारावर्गको पार्टीमा मानिने अनुशासन अन्धभक्त भएर मानिने वा दासको आज्ञाकारीताको आधारमा मानिने अनुशासन होइन, बरु त्यो सचेत रूपबाट स्वेच्छाले र नेतृत्व र कार्यदिशाको औचित्यप्रति गहिरो विश्वासबाट मानिने शासन हो । साँच्चै भन्ने हो भने सर्वहारावर्गको पार्टीको तागतको एउटा प्रमुख स्रोत भनेको त्यसका सदस्यहरूद्वारा पालन गरिने सचेत तथा ऐच्छिक अनुशासन हो । पार्टी सदस्यहरू जति बढी मात्रामा संगठित, सचेत र असुशासित रहन्छन्, त्यस्तै ...बाँकी ७ पेजमा

# दाहालको रक्षात्मक र ओलीको प्रतिकात्मक लडाइँ सुरु



काठमाडौं । अबको एक वर्षभित्रै आफू प्रधानमन्त्री बन्ने पुष्पकमल दाहालको दावामा ओली प्रतिकात्मक देखिएका छन् । सधैं ओली विदेशमा रहँदा स्वदेशमा केही न केही गर्ने दाहालले यस पटक भने अेली भारत भ्रमणमा रहँदा आफू प्रधानमन्त्री बन्ने र उक्त सहमति ओली र आफूका बीचमा पार्टी एकता हुँदाका बखत भएको खुलासा गरेका थिए ।

आलोपालो गरी प्रधानमन्त्री हुने सहमति पुरानै भएको भन्दै ओलीले यसलाई धेरै व्यंग्यबाण भने कसेनन् । बरु उनले यो सहमति आफूबाट उल्लंघन नहुने खालको आश्वासन पनि दिलाए । दाहालले भने केही आक्रोशित मुद्रामा 'आलोपालो नमाने'मा कसैको भलो नहुने चेतावनीयुक्त भाषा बोलेका थिए ।

यो भाषा आश्चर्य लाग्ने खालको नभए पनि सरकारी कम्युनिष्ट डबल नेकपाभित्रको आन्तरिक अन्तरविरोध सतहमा ल्याउने माध्यम भने बनेको थियो । दाहालले 'म पर्खिएको छ', म 'आशावादी छु' र यसलाई अहिल्यै 'बढी नतन्क्याऔं' भनी अधैर्यताका शब्दावली प्रयोग गरेबाट उनी ओलीको मुखबाट जे हो त्यही आओस् भन्ने चाहेका देखिन्थे ।

अझै पनि दाहालले 'परिस्थिति अनुकूल रहेमा', 'हेर्दै जाऔं', 'कस्तो विकास हुँदै जान्छ, त्यसमा पनि निर्भर हुन्छ' भन्ने जस्ता चोटिला र अविश्वास व्यक्त गर्ने शब्दावलीहरू प्रयोग गरिरहेका छन् । दाहालका अनुसार ओलीले आफ्नो पद अब 'चार पाँच दिन मात्रै बाँकी रहेको' भनी दिएको अभिव्यक्ति निकै प्रतिकात्मक रहेको औल्याएका छन् ।

प्रम ओलीसँग दाहाल धेरै कुरामा फस्किएका छन् । पहिलो हो, पार्टीमा उनलाई सेरेमोनियल मात्र राख्नु, देस्रो हो, मोदीसँग खुसामद भई दिल्लीले पाँचै वर्ष ओलीलाई सरकार चलाउन स्वीकृति प्रदान गर्नु, तेस्रो हो, पार्टी एकताको भागबण्डामा रामबहादुर थापा बादललाई भन्दा कम भाग दिनु र दाहाल ओलीको पिछागर्दै अमेरिकी लबीतिर घोप्टिन पगेपछि दिल्लीले अविश्वास गर्नु र अमेरिकाले ओलीलाई अघि सारी दाहाललाई थान्को लगाउनु ।

ओली विरुद्ध खिचडी पकाइसकेपछि दाहालले भनेका छन्- 'यति भनेपछि प्रधानमन्त्री ज्यूले त्यो कुरा राम्ररी बुझ्नुभएको छ ।'

# क्रान्तिकारी ट्रेड युनियन महासंघको जिल्ला भेला सम्पन्न, अध्यक्षमा घुमार घतानी



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको काठमाडौं जिल्ला भेला सम्पन्न भएको छ। शनिबार चेत-बैकुण्ठ स्मृति हलमा भएको सो भेलाले कुमार घताने अध्यक्ष रहेको २९ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । भेलाले समितिको उपाध्यक्षमा उमेश लामा, सचिवमा दिनेश बर्तौला, सहसचिवमा सन्तोष भारती, कोषाध्यक्षमा पवन गुरुङ र सदस्यहरूमा क्रमशः जित ब.राई, धर्मराज दहाल, बिनोद श्रेष्ठ, राजकुमार थापा

होम प्रसाद घिमिरे, मोहनसिंह राई, नोदराज रुचाल, बुद्धिमान तामाङ, पुर्णबहादुर लामा, रामचन्द्र खड्का, वीरबहादुर श्रेष्ठ, रामबिलास, शेखर लामा, हिम गिरी, गोपाल बिक, कुमारी थापा मगर, तुलबहादुर राई, कुलमान तामाङ, उमेश चौलागाईंलगायत रहेका छन् ।

भेलामा महासंघका केन्द्रीय संयोजक इश्वर तिमिल्सिना, पार्टी केस तथा काठमाडौं पार्टी सचिव शारदा महत, नेताहरू धनबहादुर पन्त, बद्री चापागाईं, मोहन पहाडी, देवी गौली, उद्दब गुरुङ ,अर्जुनलाल श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

कुमार घतानीको अध्यक्षतामा भएको भेलाको सञ्चालन दिनेश बर्तौलाले गरेका थिए ।

# भक्तपुरमा युवा लिग, नेवा राष्ट्रिय मुक्ति मोर्चा र अखिल नेपाल जनजाति महासंघको संयुक्त जिल्ला भेला सम्पन्न

काठमाडौं । भक्तपुर चुनदेवीस्थित गलैंचा कारखानामा शनिवार क्रान्तिकारी युवा लिग, नेवा राष्ट्रिय मुक्ति मोर्चा र अखिल नेपाल जनजाति महासंघ भक्तपुर जिल्लाको संयुक्त जिल्ला भेला भव्यरूपमा सम्पन्न भएको छ ।

संयुक्त भेलाले राजु लोहलाको अध्यक्षतामा क्रान्तिकारी युवा लिग जिल्ला संगठन समिति चयन गरेको छ । उपाध्यक्षमा प्रवीण त्वाञ्जु, सचिव कृष्णप्रसाद बेञ्जु, सदस्यहरू अर्जुन बोगटी, आकाश बुढाथोकी, उमेश शुद्धकार, सञ्जीव सुवाल, सरिक सुवाल, बलराम लोहला, लक्ष्मीप्रसाद नासुला, भवनाथ ढुंगाना, गौतम श्रेष्ठ, सुवीर कोजु, तुल्सीराम सिल्पकार, रविन कर्माचार्य र रबिन श्यामा रहेका छन् ।

त्यसैगरी नेवा राष्ट्रिय मुक्ति मोर्चा भक्तपुर जिल्लाको जिल्ला अध्यक्षमा कृष्णप्रसाद घेमोसु, उपाध्यक्षमा राम कोजु, सचिव बलराम लोहला र सदस्यहरूमा गौतम श्रेष्ठ, उमेश शुद्धकार, सञ्जीज सुवाल, सरिक सुवाल, सुवीर कोजु, जयराम प्रजापति र तुल्सीराम सिलपकार रहेका छन् ।

त्यसैगरी अखिल नेपाल जनजाति महासंघको संयोजकमा पदम लामा सहसंयोजकमा कृष्णप्रसाद घेमोसु र सदस्यहरूमा गौतम श्रेष्ठ, अजय राना मगर, धीरजंग गुरुङ र मदन लामा रहेका छन् ।

भव्य रूपमा सम्पन्न उक्त जिल्ला भेलामा अतिथिहरू क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष क. अमिर महर्जन 'आकाश', जिल्ला पार्टी इञ्चार्ज क. जीवन र जिल्ला सेक्रेटरी क. विवेक, प्रदेश नम्बर ३ का संयोजक केशव ढलकोटी, भ्याली संयोजक सुरेश तामाङ, पार्टी इलाका इञ्चार्ज छत्र आले र रामकुमार दोङको उपस्थिति रहेको थियो ।

उक्त संयुक्त जिल्ला भेलामा प्रमुख अतिथि तथा युवा लिगका केन्द्रीय अध्यक्ष क. आकाशले नेपालमा अझै पनि नयाँ जनवादी क्रान्तिका कार्यभार बाँकी रहेकाले उक्त कार्यभार सम्पन्नताका लागि सबै युवाहरू क्रान्तिकारी पार्टीको मातहतमा रहेका विभिन्न जनवर्गीय संगठनहरूमा आवद्ध भई अघि बढ्न आह्वान गरेका थिए । संयुक्त भेला कार्यक्रम युवा लिगका जिल्ला अध्यक्ष राजु लोहलाको अध्यक्षता र नेवा मोर्चाको जिल्ला अध्यक्ष कृष्णप्रसाद घेमोसुको सञ्चालनमा सम्पन्न भएको थियो ।

# केन्द्रबाट खुलाइएको लोकसेवा आयोगको चौतर्फी विरोध

काठमाडौं । ओली सरकारले संघीयताको मर्मविपरीत केन्द्रीय तहबाटै देशभर कर्मचारी व्यवस्थापन गर्ने गरी लोकसेवा आयोग खुलाएको छ । स्थानीय तहका कर्मचारी छनौटका लागि केन्द्रीय लोक सेवा आयोगमा जेठ १५ गते ९ हजार भन्दा बढी कर्मचारीका लागि विज्ञापन खुलाइएको हो । खुलाइएको उक्त विज्ञापन संघीयताको मर्म र भावना विपरीत रहेको छ ।

देशका सातै प्रदेशहरूका प्रदेशस्तरीय लोकसवा आयोग गठन गरिएको, उक्त आयोगले कर्मचारी भर्नाका लागि प्रक्रियाहरू पनि पूरा गरिसकेको र कर्मचारी नियुक्तिका लागि प्रदेश लोकसेवा आयोग खुलाउन तयार रहेका बेला केन्द्रले अनावश्यक हस्क्षेप गरी केन्द्रीय लोकसेवा आयोगबाटै स्थानीय कर्मचारी भर्नाका लागि विज्ञापन गरिएको हो । सम्बन्धित निकायहरूलाई विनासूचना यस्तो कार्य अघि बढाएकोमा प्रदेशहरू आक्रोशित बनेका छन् भने स्थानीय निकाय आश्चर्यमा परेका छन् ।

प्रदेश नम्बर २ का मुख्यमन्त्री राउतले संविधानको भावनाविपरीत समावेशितालाई लत्याउँदै खोलिएको विज्ञापन अस्वीकार्य हुने बताएका छन् । राउतले यसका लागि कानूनी उपचार खोजिने पनि बताएका छन् । उनका अनुसार संविधानको मर्म र भावना विपरीत संघीय सरकारले चालेको यो कदम बदर भएर जाने छ ।

संविधानमा उल्लेख भएबमोजिम संघीयताको अर्थ संघ, प्रदेश र स्थानीय तहका सरकारहरूले आआफ्नो कर्तव्य र जिम्मेवारी अनुसार तत्तत् स्थानमा शासन र प्रशासन सञ्चालन गर्नु हो । तर पनि संघीय सरकारले संविधान प्रदत्त ती अधिकारहरूमाथि निरन्तर अंकुश लगाउने काम गरिरहेको छ । संघीय सरकारको समन्वयकारी होइन, एकात्मक र हस्तक्षेपकारी भूमिका प्रवल हुँदै आएको छ । यसले समावेशिताको सामान्य कुरालाई पनि अस्वीकार गर्दै आएको छ ।

प्रकाशित गरिएको लोकसेवा आयोगको विज्ञान आफैमा समावेशी पनि छैन । त्यसमा समावेशी कोटा समावेश गरिएको छैन । यसलाई लिएर दलित तथा अन्य समोशी समूहहरूले सडकमै यसको विरोध गरिरहेका छन् ।

अन्य प्रदेशहरूले यसका विरुद्धमा प्रधानमन्त्रीलाई ज्ञापन पत्र दिने र केन्द्रबाट लिइन लागेको लोकसेवा आयोग स्थगन गरी प्रदेश ता स्थानीय तहबाट खुलाउन दबाब दिने बताएका छन् ।

## अगज...

पत्रकार बाबुराम गिरीलाई जनपक्षीय पत्रकारिताको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको हो ।

सम्मानित सबै अग्रज तथा बरिष्ठ पत्रकारहरूलाई सम्मेलनका प्रमुख अतिथि तथा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले खादा तथा सम्मान पत्र प्रदान गरेका थिए ।

## धमाधम...

महासंघको राष्ट्रिय सम्मेलन र नेवाः मोर्चाको राष्ट्रिय भेला सम्पन्न

आइतबार अखिल नेपाल जनजाति महासंघको राष्ट्रिय सम्मेलन पोखरामा सम्पन्न भएको छ। सम्मेलनले डा. ओम गुरुङलाई अध्यक्षमा निर्वाचित गरेको छ । सम्मेलनले अन्य पदाधिकारीहरूमा पवनमा श्रेष्ठ उपाध्यक्ष, महासचिव नगेन्द्र राई, सचिव फुर्नाम्गेल मोक्तान र केवी फुदोङ र कोषाध्यक्षमा भरत बुर्जालाई निर्वाचित गरेको छ। सदस्यहरूमा निलबहादुर पुन, निमकला पुन, दयाराम चौधरी, फिरल चौधरी, अक्ष्मीत चौधरी, गौरव राई, गंगा राई, सुरेश तामाङ, प्रेम तामाङ, कृष्ण गुरुङ, टेकबहादुर गुरुङ, मोहन लिम्बु, खगेन्द्र छन्त्याल, दलबहादुर छन्त्याल, राजु भुजेल, सोनाम याङ्की, श्यामबहादुर कुमाल, शिव श्रेष्ठ, बालकुमार सुनुवारलगायत रहेका छन् । सम्मेलनले भिमबहादुर श्रीस, कमल चौधरी, बमबहादुर छन्त्याल, डिबी गुरुङलाई सल्लाहकारको रूपमा चयन गरेको छ। सम्मेलनको उद्घाटन नेकपा (क्रान्तिकारी माओवादी)मा महासचिव मोहन वैद्य'किरण'ले गरेका थिए ।

यता शुक्रबार मात्र क्रान्तिकारी पत्रकार महासंघको राष्ट्रिय सम्मेलन रूपन्देहीको बुटवलमा सम्पन्न भएको छ । सम्मेलनले महासंघको अध्यक्षमा इन्द्र राउतलाई निर्वाचित गरेको छ ।

राष्ट्रिय सम्मेलनले उपाध्यक्षमा टेकबहादुर मास्कीराना, महासचिवमा रामकुमार श्रेष्ठ, सचिवमा रनसुर महतरा र अनु निरौला र कोषाध्यक्षमा रवि पाण्डेलाई निर्वाचित गरेको छ ।

सम्मेलनले सदस्यहरूमा लोकराज जैसी, दामोदर खनाल, मधुकर थापा, गोपाल जिसी, केशव अविरल, शिवशंकर पाण्डे, धनन्जय अवस्थी, कुमार भट्टराई, राजेन्द्र सुवेदी, सागर श्रेष्ठ, विष्णु आले, दिनेश श्रीवास्तव, प्रेम कँडेल, शोभा जिसीलगायतलाई निर्वाचित गरेको छ ।

नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य'किरण'ले पानसमा बत्ति बालेर उद्घाटन गरेका थिए। इन्द्र राउतको अध्यक्षता र सचिव रामकुमार श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको सम्मेलनमा महासचिव किरण लगायत क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य रामसिंह श्रीस, क्रान्तिकारी माओवादीकै पीवीएम तथा ५ न. प्रदेशका सचिव प्रेम सुवेदी, महासंघका सल्लाहकार हिरामणि दुःखीलगायतले शुभकामना दिएका थिए ।

उता नेवाः मोर्चाको चौथो राष्ट्रिय भेला जेठको ९ र १० मा काठमाडौंमा सम्पन्न भयो । राष्ट्रिय भेलाले नेता पवनमान श्रेष्ठको नेतृत्वमा ५१ सदस्यीय केन्द्रीय कमिटि निर्वाचित गरेको थियो। भेलाले उपाध्यक्षहरूमा सुरेश श्रेष्ठ, मानध्वज श्रेष्ठ, गणेश खड्गी, गोर्की श्रेष्ठ, महासचिवमा शिव श्रेष्ठ, सचिवमा श्रीकृष्ण सुलु, कोषाध्यक्षमा सपना राजथलालाई निर्वाचित गरेको थियो।

भेलाले सदस्यहरूमा अमीर ताम्राकार, सचिर महर्जन, शुशिला महर्जन, अमीरमैया रञ्जित, बोधराज श्रेष्ठ, तिलक श्रेष्ठ, रत्न महर्जन, गोपालदास श्रेष्ठ, नमस्ते सायमी, भागवत प्रधान, जगदिश्वर महर्जन, कृष्णप्रसाद घेमसु, राजु लोहला, सुदिप श्रेष्ठ, सौरभ कायस्थ, सुन्दरलाल श्रेष्ठ, किरण नगरकोटी, नरेन्द्रमान श्रेष्ठ, दशराज शाक्य, ज्ञानेन्द्र प्रजापति, चुडामणी श्रेष्ठ, लीलबहादुर श्रेष्ठ, नगेन्द्र महर्जन, प्रवीण त्वान्जु, गोकुलकृष्ण श्रेष्ठ, भूमिनारायण मल्ल, दानबहादुर श्रेष्ठ, उपेश श्रेष्ठ, राजकुमार देउला, गंगा मानन्धर, अर्पणा श्रेष्ठ, अजय बज्राचार्यलगायतलाई निर्वाचित गरेको थियो ।

यसरी क्रान्तिकारी माओवादी सम्बद्ध अन्य जबस मोर्चाका भेला सम्मेलनको तयारी रहेको सम्बद्ध पार्टीले जनाएको छ । नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको क्रान्तिकारी माओवादीले पछिल्लोपटक संगठन र संघर्षबीचको तादाम्यतालाई एकसाथ अघि बढाउने योजना बनाउँदै आएको छ ।

## आलोपालो...

विधेयकले सरकार निरंकुश र फासीवादी दिशामा अघि बढेको देखिएको भन्दै महासचिव किरणले आफ्नो पाटीले विधेयकविरुद्ध पत्रकारहरूको आन्दोलनमा ऐक्यबद्धता रहेको बताए ।

सरकार एकपछि अर्को गर्दै ठूला ठूला भ्रष्टाचार काण्डमा मुछिंदै गएको र वर्तमान सरकारप्रति जनमत राम्रो नदेखिएपछि आफ्ना कमजोरी ढाकछोप गर्ने निहित स्वार्थले मिडिया काउन्सील विधेयक ल्याइएको दाबी महासचिव किरणको छ ।

'जनताको अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतामाथि आफूलाई कम्युनिस्ट भन्ने दुई तिहाइको सरकारले अंकुश लगाएर नियन्त्रण गर्न खोज्नु बिडम्वना हो', महासचिव किरणले भने, 'मिडिया काउन्सिल विधेयक जस्ताको तस्तै पारित भयो भने मुलुक निरंकुशता र फासीवादतिर जान्छ, भ्रष्टाचार र अनियमितताले पराकाष्ठा नाघ्छ ।'

वर्तमान सरकारले कम्युनिस्टका नाममा सच्चा कम्युनिस्टको बद्नाम गरेको भन्दै उनले आक्रोस समेत पोख्न भ्याए ।

## अखिल...

त्रि.वि.सेवा आयोग- खारेज गर, आयोगका भ्रष्ट पदाधिकारीहरूलाई तत्काल- कार्वाही गर,

अवैधानिक रूपमा प्रकाशित गरिएको नतिजा- खारेज गर जस्ता तीन बुँदे माग राखेर गरिएको अनिश्चितकालीन रिले अनसनप्रति नेतादेखि प्राद्यापकसम्मले ऐक्यबद्धता जाहेर गरेका छन् र उपत्यका बाहिर पनि ठाउँ ठाउँमा रिले अनसनको समर्थनमा प्रदर्शन र अनसन समेत भइरहेका छन् ।

प्राप्त जानकारी अनुसार जारी रिले अनसनलाई प्रा.डा. विद्यानाथ कोइराला, प्रा. डा.सुरेन्द्र के. सी, प्रा. डा. कृष्ण हाछेथु, पुराना विद्यार्थी नेता लेखनाथ न्यौपाने लगायतले ऐक्यबद्धता जनाएका छन् । उनीहरूले अनसन स्थलमै पुगेर ऐक्यबद्धता जाहेर गरेका हुन् । यसअघि नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण', देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, स्थायी समिति सदस्य रामसिंह श्रीस लगायत क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाका नेताहरूले समेत ऐक्यबद्धता जनाएका थिए ।

अखिल (क्रान्तिकारी) का अध्यक्ष हरिकृष्ण गजुरेलले रिले अनसन जारी राखिने र शिक्षा र स्वास्थ्यलाई पुर्ण रूपमा राष्ट्रियकरण, निशुल्क एवं सर्वसुलभ गराउनको निम्ति आन्दोलनलाई थप सशक्त बनाउने बताए ।

यसैबीच, सुर्खेत मध्यपश्चिम विश्व विध्यालमा विध्यार्थी अनिश्चितकालिन रिले अनशनमा बसेका छन् ।

विभिन्न माग राख्दै ०७६ जेठ ६ गतेदेखि त्रिवि शिक्षा आयोगको गेटमा जारी रिले अनशनको समर्थन र ऐक्यबद्धताका लागि मध्यपश्चिम विश्वविद्यालयमा पनि रिले अनसन थालिएको अखिल क्रान्तिकारी सुर्खेतका अध्यक्ष तथा अखिल क्रान्तिकारीका केस हिमाल शाहिले बताएका छन् । अनसनमा क्रान्तिकारी माओवादीका ६ नं. प्रदेश सचिव सीपी शर्मा, पार्टी जिल्ला सचिव श्याम कार्की लगायतका नेताहरूसमेत बसेका छन् ।

## १७औं...

क्रान्तिकारी राजनीतिक, साहित्यिक तथा पत्रकारिताको आन्दोलनमा इच्छुकले पुऱ्याएको योगदानका चर्चा गर्दै इच्छुकका अधुरा सपना र अपुरा संघर्ष पूरा गर्ने प्रतिबद्धता जाहेर गर्नु र इच्छुक हिडेको आमूल परिवर्तनको बाटो हिड्ने संकल्प गर्नु नै इच्छुक स्मृति दिवस मनाउनुको सार्थता रहने कुरामा जोड दिएका थिए। वक्ताहरूले हत्या गरिएको १७ वर्षको अवधिमा इच्छुक सम्बद्ध पार्टी नेतृत्व पटक पटक सत्तासिन हुँदा पनि इच्छुकका हत्यारालाई सार्वजनिक गर्ने र कारबाही गर्ने भन्दा पनि पुरस्कृत गरिनु विडम्बना भएको भन्दै अविलम्ब इच्छुकका हत्यारालाई सार्वजनिक गरी कारबाही गर्न माग गरे ।

क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले सञ्चालन गरेको कार्यक्रममा अखिल नेपाल जनसाँस्कृतिक महासंघ तथा इच्छुक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष ईश्वरचन्द्र ज्ञवाली, बरिष्ठ पत्रकार कुमार शाह, प्रगतिशील पत्रकार संघका अध्यक्ष नारायण शर्मा, नेपाल प्रेस सोसाइटीका का.वा. अध्यक्ष केशव अर्याल, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य गोपाल बराइली लगायतका नेताहरूले श्रद्धाञ्जली मन्तव्य राखेका थिए ।

कार्यक्रम इच्छुकलाई चरम यातना दिई हत्या गरिएको महेन्द्र पुलिस क्लव अगाडि गरिएको थियो । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य रामसिंह श्रीसको समेत उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी...

राउत, उपाध्यक्ष टेकबहादुर मास्की, महासचिव रामकुमार श्रेष्ठ, सचिवद्वय रनसुर महतरा, अनु निरौला, कोषाध्यक्ष रवि पाण्डे लगायतका नेताहरूको समेत उपस्थितिमा मिडिया काउन्सील विधेयक जलाइएको हो ।

विरोध प्रदर्शनलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष इन्द्र राउतले भने, "सरकारले ल्याएको मिडिया काउन्सीलका विरुद्ध अहिले सिंगो प्रेस जगत आन्दोलित छ र यसको नेतृत्व नेपाल पत्रकार महासंघले गरिरहेको छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई नियन्त्रण र निषेध गर्ने गरी ल्याइएको विधेयक फिर्ता हुनुपर्छ भन्ने मागप्रति हाम्रो संगठनको दृढ ऐक्यबद्धता रहँदै आएको छ। जारी यही आन्दोलनलाई सहयोग पुऱ्याउने उद्देश्यले हामीले मिडिया काउन्सील विधेयक जलाउने निर्णय गरेका हौं ।"

महासंघको सम्मेलन लगत्तै बसेको सचिवालयको बैठकले मिडिया काउन्सील विधेयक जलाउने, जारी नेपाल पत्रकार महासंघको आन्दोलनप्रति ऐक्यबद्धता जाहेर गर्ने, सम्मेलनको भाव सम्प्रेषण तथा अन्तर्क्रिया कार्यक्रम गर्ने, जनपक्षीय मिडिया सम्मेलन गर्ने लगायतका महत्वपूर्ण निर्णय गरेको थियो ।

# मोदीको दोस्रो कार्यकाल र नेपाल नीति

काठमाडौं । भाजपाका नेता तथा निवर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले विहीवार राष्ट्रपति रामनाथ कोविन्दबाट सपथ लिएपछि उनको दोस्रो कार्यकाल सुरु भएको छ । दिल्लीस्थित राष्ट्रपति भवनमा बिहीबार साँझ आयोजित समारोहमा मोदीले भारतको १५औं प्रधानमन्त्रीको रूपमा सपथ लिएका हुन् ।

भारतीय संविधानको संवैधानिक प्रावधान अनुसार राष्ट्रपति रामनाथ कोविन्दले मोदीलाई सपथ खुवाएका थिए । यसअघि, सन् २०१४, को परम्परा कायम गर्दै मोदीले यस पटक पनि राष्ट्रपति भवनको प्रांगणमा शपथ लिएका थिए । प्रधानमन्त्रीका रूपमा मोदीले सपथ लिएलगत्तै केन्द्र सरकारमा सामेल क्याबिनेट मन्त्रीहरूले क्रमशः सपथ लिएका थिए ।

मोदी आफै भारतीय जनता पार्टीका तर्फबाट मात्र निर्वाचित नभई भाजपाले नेतृत्व गरेको गठबन्धन (एनडीए) का पनि संसदीय दलका नेता भएकाले उनले सबैलाई समेट्ने गरी मन्त्रिमण्डल निर्माण थालेका छन् । उनको मन्त्रीमण्डलमा केही नयाँ अनुहारले स्थान पाएका छन् । उनको क्याबिनेट मन्त्रीमा राजनाथ सिंह, अमित शाह, नितिन गड्करी, सदानन्द गौंडा, निर्मला सीतारमण, रामविलास पासवान, नरेन्द्रसिंह तोमर र रविशंकर प्रसाद, थावरचन्द गहलोत, हरसिमरत कौर बादल, एस जयशंकर, मुख्तर अब्बास नाक्भी, रमेश पोखरियाल निशंक, अर्जुन मुण्डा, स्मृति इरानी, डा. हर्षबर्द्धन, प्रकाश जावडेकर, पियुष गोयल, धर्मेन्द्र प्रधान, महेन्द्रनाथ पाण्डेले सपथ लिएका छन् ।

मोदीको दोस्रो कार्यकालसँगै दिल्लीको विदेश नीतिमा आउनसक्ने फेरबदलले दक्षिण एशियामा अलिक केही बढी चर्चापरिचर्चा हुन थालेको छ । यसको संकेत हो मोदीको मन्त्रीमण्डलमा एस् जयशंकरको नियुक्ति । जयशंकर आफैमा भारतको प्रभुत्व छिमेकी देशहरूमा रहिरहोस् र आपसी सद्भावपूर्ण भन्दा पनि दबदबापूर्ण र प्रभुत्वशाली



अस्तित्व भारतको रहोस् भन्ने चाहन्छन् । उनी पूर्व विदेश सचिव पनि हुन् । यसबाट मोदीको मन्त्री मण्डलमा पूर्व प्रशासकहरूको गाढा छाँया देखिने भएको छ । एस् शंकरको योजनामा नेपालले भूकम्प गएको पीडादायी अवस्थामा लामो समयसम्म नाकाबन्दी बेहोर्नु परेको थियो । हाल उनैलाई विदेश मन्त्री बनाइँदा छिमेकी देशहरू सशंकित रहेका छन् ।

नेपालमा दोस्रो संविधानसभाले संघीय संविधान जारी गर्न लाग्दा विशेष दूतका रूपमा नेपाल आएका जयशंकरले संविधान जारी नगर्न र पर सार्न तथा नेपाललाई हिन्दूराज्य बनाउन निकै दबाब सिर्जना गरेका थिए । उनको दबाबलाई नेपालले अस्वीकार गरेपछि जयशंकरका कारणले भारत आफै नेपालदेखि रुष्ट हुन पुगेको थियो । यसैको परिणाम स्वरूप भूकम्पको पीडापूर्ण अवस्थामा भारतले नेपालमाथि नाकाबन्दी लगाएको थियो ।

नेपालमा राजनीतिक, प्रशासनिक, आर्थिक तथा अन्य क्षेत्रमा 'माइक्रो म्यानेजमेन्ट' गर्ने भारत यस पटकको नेपालमाथिको दबाबमा निकै क्रुरतापूर्वक ओर्लिएको थियो । यसले नाकाबन्दीभन्दा पहिले नेपाल आएर वाहवाही पाएका मोदीको साख र विश्वास निकै गिरेको थियो । तर त्यति बेला तात्कालिन प्रधानमन्त्री मोदीको भाषा र आशय भने यो नाकाबन्दी राजनीतिक तवरबाट नभएर कर्मचारी वृत्तबाट भएको हो भन्ने केही सांकेतिक रूपमा बुझ्न सकिन्थ्यो । तर अहिले उनै जयशंकर सत्तासीन बनाइएका छन्, त्यो पनि विदेश मन्त्रीका रूपमा ।

अर्को महत्वपूर्ण कुरा, मोदीको सपथग्रहण समारोहमा पाकिस्तानी प्रधानमन्त्रीलाई निमन्त्रणा गरिएन । यसको अर्थ हो, मोदी सरकार दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का विरुद्धमा 'बिम्स्टेक'लाई अघि सार्न चाहन्छन् ।

# किन चलिरहन्छ दक्षिणी सुडानमा जातिय हिंसा

काठमाडौं । दक्षिणी सुडानमा फेरि जातिय हिंसा भड्किंदा २२ जनाको मृत्यु भएको छ भने दर्जनौ अरुहरू घाइते भएका छन् । जातिय हिंसा दक्षिणी सुडानीहरूका लागि महारोगका रूपमा रहेको छ । पछिल्लो पटक भड्किएको हिंसामा आगजनी गरिनुका साथै एकअर्काको ज्यान लिने गरिएको छ ।

दक्षिणी सुडानमा निरन्तर भइरहने हिंसा त्यहाँ पहिल्यैदेखि रहेका विभिन्न जातिहरूका बीचमा हुने गरेको छ । दक्षिणी सुडानमा रहेका ६४ जातिहरूमध्ये कसैको न कसैको एकअर्कासँग यस्तै भिडन्त भइरहेको हुन्छ । जनसंख्याको हिसाबले डिंका जाति यहाँको सबैभन्दा ठूलो संख्यामा रहेको जाति हो ।

जातिय भिडन्तमा सबैभन्दा बढी न्युर्स र मूर्ले जाति एकअर्कामाथि जाइलाग्ने गर्दछन् । हिंसा सानो भन्दा सानो विषयलाई लिएर पनि हुने गरेको छ ।

जातीय हिंसा टाउको दुखाइको विषय बन्दै गएको दक्षिणी सुडानमा दुई युवा समूहबीच भएको भिडन्तमा कम्तीमा २२ जनाको मृत्यु भएको छ । दक्षिणी सुडानको सीमा क्षेत्रमा बिहीबार यो घटना भएको हो । गत मंगलबार भएको झडपमा एक जना सुरक्षाकर्मीको मृत्यु भएको थियो । अरु १८ जना घाइते भएका थिए ।

दक्षिणी सुडानमा हुने गरेको जातीय हिंसाको आफैमा लामो इतिहास छ । जनसंख्याका हिसाबले सबैभन्दा बढी डिंका जाति रहेको छ । यसको कूल जनसंख्याको ३५ प्रतिशत हिस्सा रहेको छ । यसपछि दोस्रो ठूलो संख्यामा रहेको जाति भनेको न्युर्स हो ।

सुडानमा अझैं पनि पशुपालन र चरिचरनका लागि सिजनअनुसार पशुहरू लिएर ठाउँठाउँ घुम्ने चलन कायमै छ । माथि उल्लेख गरिएका जातिहरूमध्ये अल्पसंख्यामा रहेका अन्य फिरन्ते जातिहरू पनि पशुहरू लिएर चरनहरूका हिंड्ने र पशुहरू हिंडाउने काम गरिहन्छन् । यसरी पशु चरिचरनका ठूलाठूला घाँसे मैदानहरू कब्जा गर्ने र अरुहरूलाई त्यसभित्र आउन नदिने चलन अझैं पनि कायम रहेका हुनाले त्यहाँ विभिन्न जातिहरूका बीचमा प्राय भिडन्त हुने गर्दछ । यिनीहरू आफ्नो अधिकांश खानाको स्रोत मासु नै हो । आफूहरूले पालेका जनावरको मासु खाने तर खेतीपाती कम गर्ने र गर्दै नगर्ने पनि यी विभिन्न जातिहरूमा चलन रहिआएको छ ।

पहिले पहिले जातीय लडाइँका रूपमा रहेको यो द्वन्द्व हाल निकै जटिल बनेको छ । यो हाल यो आधुनिक र सशस्त्र द्वन्द्वका रूपमा परिणत भएको छ । केही जातीहरूले त आआफ्ना मुक्तिसेना पनि गठन गरेका छन् । आफ्ना जातीय लडाइँहरूलाई मुक्ति संघर्षका नामहरू पनि दिने गरेका छन् । तर यी संघर्षहरू वर्गीय प्रकृतिका छैनन् । नितान्त जातीय र क्षेत्रीय स्वरूपका रहेका छन् ।

सबैभन्दा बढी त न्युर्स र मुर्ले जातिका बीचमा द्वन्द्व चलिरहन्छ ।

# रूसमा बम निर्माण कारखानामा बिष्फोट



काठमाडौं । रुसको जसिन्कस्थित एक बम निर्माण फ्याक्ट्रीमा शक्तिशाली बिस्फोटन भएको छ । यो बिष्फोटनबाट ३८ जना मानिसहरू घाइते भएको बताइएको छ । हताहती कति भयो सोको विवरण भने खुलाइएको छैन ।

बम बिष्फोटन भएको जसिन्कको त्यो अस्त्र कारखानामा विसाल बम भण्डारण कक्ष पनि रहेको छ । त्यसमा उद्योग निर्मित 'हाइ एक्सप्लोसिभ' तथा निकै शक्तिशाली बम भण्डारण गरिदै आएको थियो । बिस्फोटबाट जेएससी क्रिस्टल रिसर्च इन्स्टिचयुट पूर्ण रूपमा ध्वस्त भएको छ ।

जानकारीमा आए अनुसार बिस्फोटनका बखत पाँचजना भित्र रहेका र उनीहरूलाई सकुशल बाहिर निकालिएको अधिकारीहरूले बताएका छन् । बिष्फोटन लगत्तै धुँवाको मस्लोले आकाश र बस्ती पूरै ढाकेपछि खोज तथा उद्दार कार्यमा निकै कठिनाइ आएको थियो । त्यहाँको त्यो त्रासपूर्ण वातावरणलाई सामाजिक सञ्जालमार्फत् बाहिर ल्याइएको थियो ।

विस्फोटमा घाइते भएकामध्ये चार जनाको अवस्था गम्भीर रहेको छ । बिष्फोटन लगत्तै स्थानीय मानिसहरू भाग्न खोजे पनि धुँवाले बाटो नै देखिएको थिएन । बिस्फोटपछि करिब १ सय वर्गकिलोमिटर क्षेत्रमा आगो फैलिएको थियो भने त्यसको वरपर आँखा नै खोलेर हेर्न नमिल्ने बाक्लो धुँवा फेलिएको थियो ।

यो बिष्फोटनभन्दा पहिले पनि गत अप्रिलमा उक्त सहरको अर्को बम उद्योगमा बिस्फोट भई तीन जनाको मृत्यु हुनुका साथै करोडौं धनमालको क्षति भएको थियो ।

# किन भइरहन्छ अमेरिकामा गोली काण्ड ?

काठमाडौं । गोलीकाण्ड भइरहने अमेरिकामा पछिल्लो चरण भर्जिनिया राज्यमा अर्को गोली काण्ड भएको छ । यो गोली काण्डमा कम्तीमा १२ जनाको ज्यान गएको बताइएका छ । भर्जिनिया राज्यमा रहेको सामुद्रिक तटीय क्षेत्रमा रहेको म्युनिसिपाल केन्द्रमा काम गर्ने एक रिसाहा कर्मचारीले आफ्ना सहकर्मीलाई लक्षित गरी जथाभावी गोली चलाएको भनेर सरकारी अधिकारीहरूले बताएका छन् ।



यो गोली काण्डमा एक प्रहरीसहित अन्य चारजना घाइते भएको जनाइएको छ । घटनामा संलगन रहेको गोली चलाउने बन्दुकधारी कर्मचारीको प्रहरीसँगको मूठभेडमा मृत्यु भएको बताइएको छ । तर अधिकारीहरूले बन्दुकधारी कर्मचारीको पहिचान सार्वजनिक गरेका छैनन् ।

अनुसन्धानमा संलग्न अधिकारीका अनुसार निज कर्मचारीले किन गोली चलाए, वा गोली चलाउनुको कारण आवेग र बदलाभाव मात्र थियो वा अरु केही पनि रहेको थियो भन्ने बारे केही पनि खुलाएका छैनन् । यसबारेमा केवल अनुसन्धान भइरहेको मात्र जनाइएका छन् । गम्भीर खालको भएको भनी अनुसन्धानबाट खुल्न आएकाले राष्ट्रपति ट्रम्पलाईसमेत जानकारी गराइसकिएको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् ।

अमेरिका आप्रवासीहरूको वासस्थानका रूपमा रहेको छ । यहाँ संसारका विभिन्न देशहरूबाट मानिसहरू आएर बसोबास गरेकाले यसलाई 'मेल्टिङ पट' पनि भन्ने गरिन्छ । तर पछिल्लो पटक बढिरहेको विभेद, असन्तुष्टि र आकांक्षा तथा आवश्यकताहरूले अमेरिकीहरूलाई आवेग र अप्रिय सामाजिक द्वन्द्वतिर धकेलिरहेको छ । असन्तुष्टि वा विभेद अभिव्यक्त गर्न बन्दुकधारीको रूपमा अरुलाई पनि मार्ने र आफू पनि आत्महत्या गर्ने क्रम बढिरहेको छ । हालैका दिनहरूमा अमेरिकामा नियमित रूपमा यस्ता घटना हुने गरेका छन् ।

पछिल्लो चरणमा घटेको भर्जिनियाँ हत्याकाण्ड अमेरिकमा घट्दै आएका घटनाहरूमा यो वर्षभित्र मात्र घटेका घटनाहरूमा १ सय ५० औं गोलीकाण्डको घटना हो ।

# पाकिस्तानमा उच्च सैनिक अधिकृतलाई मृत्युदण्ड

केही पहिलेदेखि अनुन्धानमा परिरहेका एक उच्च पाकिस्तानी सैनिक अधिकारीलाई त्यहाँको सैनिक अदालतले मृत्यु दण्डको फैसला सुनाएको छ । उनले देश र जनताका विरुद्धमा जासुसी गरेको आरोपमा उक्त फैसला सुनाइएको हो । मृत्यु दण्डको फैसला सुनाइएका उनी सेनाका ब्रिगेडियर हुन् । उनका साथै अर्का एक सरकारी अधिकारीलाई पनि मृत्युदण्डको फैसला सुनाइएको छ ।

सैनिक अदालतले सेनाका पूर्व ब्रिगेडियर रजा रिज्वान र सरकारको संवेदनशील संस्थामा कार्यरत वासिम अक्रम नाम गरेका डाक्टरलाई पनि मृत्युदण्डको फैसला सुनाइएको हो । सैनिक अदालतले गरेको यो फैसलाविरुद्ध ती व्यक्तिहरूले अपिल गर्न पाउने व्यवस्था पनि रहेको छ ।

उनीहरूमाथि विदेशी कूटनीतिक नियोग तथा एजेन्सीहरूलाई गम्भीर प्रकृतिका सूचनाहरू प्रवाह गरेको आरोप लागेको छ । पाकिस्तानी सेनाका अनुसार उनी दोषी नै हुन् । अदालतको यो फैसलालाई पाकिस्तानका सेना प्रमुख जनरल क्वामर जावेद बाज्वाले समर्थन गरेका छन् ।

सैनिक अदालतले मृत्युदण्डको सजाय तोकेका उनीहरूलाई विदेशी एजेन्सीलाई देशका हित विपरीत सूचना प्रवाह गरेको र मुख्यतः अमेरिकी गुप्तचर निकाय सिआईएलाई सूचना दिएको आरोपमा दोषी करार गरिएको हो ।

# चीनले अमेरिकी सामानमा थप कर लगायो

काठमाडौं । चीनले शनिबारदेखि लागु हुने गरी चीन भित्रने अरु थप अमेरिकी उत्पादनमाथि भन्सार कर लगाएको छ । चिनियाँ राज्य परिषद्ले अमेरिकी सामानमाथि थप भन्सार कर लगाएको हो ।

परिषद्को घोषणा अनुसार अमेरिकाबाट उत्पादित लगभग ६० अर्ब अमेरिकी डलरका चीनमा आयातित हुने सामानमा उक्त कर लागू हुने छ । तर सबै सामानहरूमा कर समान नभई छुट्टाछुट्टै थप कर उठाइने छ । यसरी वर्गीकरण गरिएका सामानमा २५ प्रतिशत, २० प्रतिशत र १० प्रतिशत भन्सार कर असुल गरिने परिषद्ले जनाएको छ । केही सानहरूमा भने पहिलाको करमा शतप्रतिशत कर पनि लगाइएको छ । ६ प्रतिशत भन्सार कर उठाउने गरेको सामानमा थप ६ प्रतिशत गरी १२ प्रतिशत बनाइएको छ ।

अमेरिकाले चिनियाँ सामानमा अत्यधिक करभार थोपरेपछि चीन पनि यो कदम चाल्न बाध्य भएको हो । चीन-अमेरिका व्यापार विवाद सुलह र सम्झौतामा टुंगिएला भनेर अपेक्षा



गरिरहेका व्यापारी तथा उपभोक्ताहरू यो उच्च करभारको मारमा परेका छन् । विश्वका दुई ठूला अर्थतन्त्रले यस्तो कदम उठाएपछि विश्व बजारमा सामानको भाउ निकै महंगो हुन जाँदा उपभोकताहरू मारमा परेका छन् ।

अमेरिकाले त खुल्ला बजारका नीति अनुसार कानूनमा परिवर्तनको जरुरी छैन । तर, चीनमा भने त्यहाँको कानून र नियम बमोजिम चीनले 'अविश्वसनीय एकाइ सूची' खडा गर्नुपर्ने छ । यो चीनले ग्राहकहरूका लागि एक विश्वसनीय वातावरण सिर्जना गर्ने विधि तथा उपाय हो । बजारको नियमको पालना नगर्ने, सम्झौता विपरीत काम गर्ने र व्यापारिक उद्देश्य बाहेकका कामहरू गर्ने माथि यसले नियन्त्रण, नियमन र अनुगमन गर्न बाटो खुलाउने छ । यसका लागि चीनले आवश्यक ठोस कदम छोटो समयमै सार्वजनिक गर्ने चीनले थप कर वृद्धिसँगै बताइरहेको छ ।

विश्व बजारमा उथलपुथल हुँदा सोधिएका प्रश्नहरूको जवाफमा चीनले विचारविमर्श र छलफलमार्फत व्यापार द्वन्द्व र मतभेदको समाधान गर्न आफूहरू तयार रहेको बताएको छ । तर अमेरिका भने यो कुरा मान्न तयार देखिएको छैन । अमेरिका जबर्जस्त रूपमा अघि बढ्न खोजेमा चीनले पनि प्रतिरोधात्मक कदमहरू अगाडि बढाइरहने बताएको छ । चीन कुनै पनि मामलामा अमेरिकालाई साँढे झैं छाड्न तयार देखिदैन ।

# इच्छुक स्मृति सम्मान २०७६ द्वारा पुरस्कृत स्रष्टाहरू



इच्छुक सांस्कृतिक प्रतिष्ठानले यस वर्षको इच्छुक स्मृति पुरस्कार चितवन निवासी साहित्यकार ईश्वरी ओझा र काभ्रेपलाञ्चोक निवासी साहित्यकार प्रभात सापकोटालाई संयुक्त रूपमा प्रदान गरेको छ । यसैगरी यस वर्षको कलातर्फको इच्छुक प्रतिभा पुरस्कार मकवानपुर निवासी गीतकार, सङ्गीतकार तथा गायक आरोह नेपालीलाई प्रदान गरिएको छ । साहित्यतर्फको प्रतिभा पुरस्कार कास्की निवासी कवि कल्पना चिलुवाललाई प्रदान गरिएको छ । वितरित पुरस्कारको राशि रू २५/२५ हजार रहेको छ । पुरस्कारको राशि रू. १,००,०००।- (एक लाख) रहेको साहित्यकार सहिद कृष्णसेन इच्छुकको नाममा स्थापित यो पुरस्कार हरेक वर्ष साहित्य तथा कलाप्रतिभाहरूलाई प्रदान गरिदै आएको छ ।

**(क) ईश्वरी ओझा, भरतपुर मनपा १३, चितवन**

१९९६ सालमा कास्कीको फल्याङ्कोटमा जन्मनु भएका ईश्वरी ओझा नेपाली प्रगतिवादी साहित्यका दह्रा र खरा व्यक्तित्व हुनुहुन्छ । आठ दशकको उमेर पार गरिसक्दा पनि उहाँको प्रस्तुतिमा देखा पर्ने त्यो दह्रो र खरोपन टड्कारै बोध गर्न सकिन्छ ।

२०२३ सालमा बनारसबाट पूर्वमध्यमा गर्नु भएका ईश्वरी ओझा त्यसपछि नेपाल आई शिक्षक हुनुभयो । यसै क्रममा २०२७ सालमा सी एड गर्नु भयो । १० वर्ष अध्यापन गरेपछि २०३३ सालमा भारतको आसाम जानु भयो । प्रवासमा रहँदा व्यापार गर्नुका साथै त्यहाँ भेटिएका दिल साहनी समेतका नेपाली साहित्यकारसित मिलेर साहित्यिक गतिविधिमा क्रियाशील रहनु भयो । त्यसै क्रममा उहाँका विभिन्न रचनाहरू प्रकाशित भए । २०४३ सालमा नेपाल फर्किएपछि आजपर्यन्त चितवनमा किसानकर्म गर्दै हुनुहुन्छ ।

मूलतः कविताकाव्यमै बढी कलम चलाउनु भएका ओझाका 'अभिभारा' महाकाव्य, 'खाण्डवदहन' खण्डकाव्य र 'परिवर्तन' नाटक पुस्तकाकारमा र थुप्रै फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भई हाल पुस्तकाकारमा प्रकाशोन्मुख छन् । प्रायः शास्त्रीय छन्दमा कविता लेख्नुहुने ओझा यतिबेला 'अविश्रान्त अवनि' महाकाव्य छाप्ने तयारीमा जुटिरहनु भएको छ । आफ्नो काव्यजगत नेपाली समाजको सक्रिय, द्वन्द्वशील तथा विद्रोहशील यथार्थको कलात्मक प्रतिबिम्बन गर्दै आउनु भएका ओझा इतिहास तथा पुराणका घटनाहरूलाई भौतिकवादी द्वन्द्ववादी नजरले चिरफार गर्न सिपालु मानिनु हुन्छ ।

उहाँले नेपाली भाषीहरूमाझ प्रचलित तर नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित वृहत् नेपाली शब्दकोशले अस्वीकार गरेका शब्द भर्नौं वा त्यसमा नअटाएका शब्दहरूको खोजी गरी 'नेपाली कथ्य शब्दार्थ सङ्ग्रह' नाममा शब्दकोश प्रकाशित गर्नु भएको छ ।

२०२३ सालमा नेपाल कम्युनिष्ट पार्टीको सदस्यता लिनु भएका ओझा जीवनभर त्यसै चिन्तनमा दृढ रही सिर्जना, संगठन तथा आन्दोलनहरूमा निरन्तर सक्रिय हुनुहुन्छ । पार्टीभित्र दुईलाइन सङ्घर्ष चलेको बेला जहिले पनि उहाँ क्रान्तिकारी वैचारिक लाइनमा उभिनु भयो । प्रगतिशील लेखक सङ्घ तथा जनसांस्कृतिक महासङ्घका विभिन्न भूमिकामा रहेर काम गरिसक्नु भएका ओझा हाल अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय सदस्य हुनुहुन्छ ।

**(ख) प्रभात सापकोटा, काभ्रेपलाञ्चोक जिल्ला, मन्डनदेउपुर नगरपालिका, रानीटार**

प्रभात सापकोटा वाणी र कर्ममा एकत्व भएका साम्यवादप्रति आस्थावान् कर्मशील प्रगतिवादी स्रष्टा हुनुहुन्छ । कठिन समयमा पनि विचलित नभईकन सदा उत्तिकै धैर्यशील रही सादा जीवनपद्धति अँगाल्ने उहाँको निष्ठा अनुकरणीय छ । नयाँ पुस्तालाई वैचारिक र कलात्मक हिसाबले सुसज्जित बनाउनु पर्ने मान्यता राखी बालबालिकाका बीचमा गई साहित्य अध्ययन तथा रचनाका निमित्त प्रेरित गर्ने, बालकहरूद्वारा रचित सामग्रीहरूमाथि सुधारात्मक ढङ्गले प्रेरणादायक बालसुलभ शैलीमा बालककै उपस्थिति र सहमतिमा समीक्षा र सम्पादन गरिदिने तथा त्यसको प्रकाशनको चाँजोपाँजो समेत मिलाउने कार्यका लागि कुनै झिजो नमानीकन लागिपर्ने शिक्षक हुनुहुन्छ । उहाँले बालकहरूमा ऐतिहासिक वस्तु, घटना, पात्र र चरित्रको सही ज्ञान दिलाउने उद्देश्यले आत्मपरक सुबोध्य तथा रम्य शैलीमा युगान्तकारी योद्धाहरूको जीवनीका पुस्तक लेख्ने अभियान थाल्नु भएको छ । म इच्छुक यसै अभियानमा सिर्जित पुस्तक हो ।

वि. सं. २०१० मा काभ्रेपलाञ्चोक जिल्ला मञ्डनदेउपुर नगरपालिकाको रानीटारमा जन्मनु भएका प्रभात सापकोटाले भारतको बनारसबाट प्रकाशित हुने 'उन्नति मार्ग' पत्रिकामा २०३३ सालमा 'किसान'नामक कविताबाट सार्वजनिक साहित्यिक यात्रा सुरु गर्नु भई हालसम्म दर्जनौं कृतिहरू प्रकाशित गरिसक्नु भएको छ ।

उहाँका प्रकाशित कृतिहरूमा हुन् १. आकुञ्चन (संयुक्त कवितासङ्ग्रह, २०५१), २. वारिपारि पाखा (संयुक्त कवितासङ्ग्रह, २०५५), ३. प्राचीन सहर टोखा : एक अध्ययन (सांस्कृतिक अनुसन्धान, २०५६), ४. विश्वप्रसिद्ध पैँतीस वैज्ञानिक (जीवनी, २०६२), ५. यो मृत्युराष्ट्र होइन (कवितासङ्ग्रह, २०६३), ६. विश्वप्रसिद्ध पैँतीस साहित्यकार (जीवनी, २०६४), ७. तीनचुली तेह्र सागर (जीवनी, २०६४), ८. विश्वप्रसिद्ध पैँतीस दार्शनिक (जीवनी, २०६४), ९. पैँतीस भाषा पैँतीस प्रतिभा (जीवनी, २०६६), १०. विज्ञान र प्रविधिका सारथी (जीवनी २०६६), ११. पानी (बालकविता, २०६६), १२. वन (बालकविता, २०६७), १३. सहर (बालकविता, साउँ अक्षर, २०६८), १४. जल (बालकविता, साउँ अक्षर, २०६८), १५. माटो (बालकविता, २०६८), १६. नेपाली बालनाटकको ऐतिहासिक अध्ययन (समालोचना, २०६८) १७. सोह्र प्रतिभा सोह्रै चित्र (जीवनी, २०६९), १८. महको भकारी (बालकविता, २०७०) र १९. म इच्छुक (शब्दचित्र, २०७५) ।

**उहाँले सम्पादन गर्नुभएका कृतिहरू निम्नानुसार छन् :**

१) तादी (साहित्यिक अर्धवार्षिक, २०५२ देखि), २) जम्को साहित्यिक पत्रिका (मासिक, २०५४ देखि), ३) जिन्दगी सन्धिसर्पन (मधुसूदन गिरीका कविता, २०५८), ४) सरस्वती स्मारिका (विद्यालय मुखपत्र, २०५९), ५) नेपाली साहित्य कुसुम (भाग ६-८, २०६२), ६) साहित्यिक अभियान विगतदेखि वर्तमान (अनुसन्धान (ग्रन्थ,२०६३), ७) जम्को नेपाली पाठमाला (भाग १-५, २०६६), ८) नेपाली रचनामाला (भाग १-५, २०६७), ९) अभियानका शब्दसारथि (अनुसन्धानग्रन्थ, २०६८), १०) टोखाका चाडपर्व र संस्कृति -भाग १, २०६७), ११) टोखाका चाडपर्व र संस्कृति (भाग २, २०६९), १२) सरस्वती (बालसिर्जना, २०७२), १३) बालकोसेली (२०६९देखि), १४) म ज्यामी मात्र हुँ ( मानसिंह (जीवनी, २०७२), १५) जागृतिमहोत्सव (२०७३ १६) सरस्वतीकविता, (बाल कवितासङ्ग्रह, २०७४), १७) हाम्रा कविता (कवितासङ्ग्रह ११ र १२ का विद्यार्थीहरूको) २०७५ ।

प्रभात सापकोटायस अघि शिक्षक श्रीपुरस्कार (२०५५), जनमत जनक सम्मान (२०६६), टोखा निर्माण मजदुर सम्मान (२०७१), प्रलेस प्रतिभा पुरस्कार (२०७१), जनसाहित्य सम्मान (२०७३), पारिजातबाल (साहित्य सम्मान (२०७४) रन्हूज : साहित्य पुरस्कार (२०७५) बाट सम्मानित तथा पुरस्कृत भइसक्नु भएको छ । उहाँ अभियान साहित्य प्रतिष्ठान २०५४ का संस्थापक उपाध्यक्षपछि अध्यक्ष रहनु भयो । २०३९ सालमा जनविकास मा. वि. तालढुङ्गा, काभ्रेबाट अध्यापनमा लाग्नु भएका सापकोटा हाल सरस्वती उमावि टोखामा अध्यापनरत हुनुहुन्छ ।

**(ग) कल्पना चिलुवाल, राइनास नपा ६, धमिलिकुवा, लमजुङ्**

कल्पना चिलुवाल समसामयिक नेपाली कवितामा परिवर्तनकामी युगीन स्वरलाई पक्रेर उदाउँदै गरेकी आशालाग्दी प्रतिभा हुनुहुन्छ । पिता भीमबहादुर चिलुवाल र माता शान्ति चिलुवालकी सुपुत्रीका रूपमा २०३५ साल कार्तिक १६ गते लमजुङको राइनास नगरपालिका ६, धमिलिकुवामा जन्मनु भएकी कल्पनाले नेपाली साहित्यमा स्नातकोत्तरसम्मको शिक्षा लिनु भएको छ । गण्डकी साहित्य संगम पोखरामा आबद्ध कल्पना हाल शिक्षण पेसामा संलग्न हुनुहुन्छ । स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकाहरूमा उहाँका कविता, कथा र लेखहरू प्रकाशित छन् । उहाँको मूल विधा भने कविता हो । पुस्तकाकार रूपमा तिनको प्रकाशन हुन नसके पनि दर्जनौं सङ्ख्यामा फुटकर रूपमा उहाँका कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित रहेका छन् कविता सिर्जनामा उहाँ निरन्तर क्रियाशील हुनुहुन्छ ।

नेपाली समाजको आधारभूत वर्गसँग सम्बद्ध कल्पना जीवनका प्रतिकूलतासँग सङ्घर्ष गर्दै नेपाली समाज र राष्ट्रिय जीवनमा व्याप्त विकृति विसङ्गतिको सूक्ष्म पर्यवेक्षण गरेर कविता लेख्न क्रियाशील हुनुहुन्छ । उहाँका कवितामा संसदीय राजनीतिले जनतालाई भ्रम दिएर आफ्नो स्वार्थ पुरा गरिरहेको छ र सत्ताले स्वाभिमान र स्वत्व कमजोर भएका नागरिक उत्पादन गरिरहेको अनुभूति छ भने अनेक नाउँ र आवरणमा महिलामाथि हुँदै आएको र गरिँदै आएको उत्पीडनको सन्दर्भलाई निकै प्रभावकारी ढङ्गले अभिव्यक्ति दिइएको छ । निम्नवर्गीय मानिसका पीडा र समस्यालाई उहाँ आफ्ना कविताको विषय बनाउनु हुन्छ । उहाँका कवितामा यी कुरूपताका कारकप्रति आलोचना र रोष देखिन्छ भने परिवर्तनको चाह पनि व्यक्त भएको पाइन्छ । युवा पुस्ताको प्रतिनिधित्व ग्रने कल्पनाका कविताले प्रगतिशील कविताका क्षेत्रमा राम्रो र सुन्दर सम्भावनालाई सङ्केत गरिरहेको स्पष्ट देखिन्छ ।

**(घ) आरोह नेपाली, हेटौँडा, मकवानपुर**

प्रगतिवादी कला संस्कृतिका क्षेत्रमा आरोहका नामले परिचित महेश नेपाली पिता रामबहादुर नेपाली र माता पम्फा नेपालीको कोखबाट जन्मेका चार छोरा र चार छोरीहरूमध्ये चौथो सन्तान हुनुहुन्छ । उहाँको जन्म २०४४ साल कार्तिक २१ गते हालको हेटौँडा उपमहानगरपालिका १७, मकवानपुरमा भएको हो ।

वि. सं. २०६० मा अ.ने.रा.स्व.वि.यु. को इकाइ समिति सदस्य हुनु भएका आरोह २०६१ साल जेठ १९ मा पूर्णकालीन कार्यकर्ताका रूपमा माओवादी आन्दोलनमा प्रवेश गरी विभिन्न सङ्गठनमा क्रियाशील भएको देखिन्छ । विभिन्न समयमा छत्तिवान सांस्कृतिक परिवार मकवानपुर, सेनच्याङ सांस्कृतिक परिवार र सामना सांस्कृतिक परिवारमा कार्यरत रहँदै हाल अखिल नेपाल जनसांस्कृतिक महासंघको केन्द्रीय कोषाध्याक्ष तथा सामना सांस्कृतिक परिवारको सहसंयोजकको भूमिकासमेत वहन गरिरहनु भएको छ ।

उहाँका 'क्रान्तिकारी जीवन' र 'देशको माया' नामक दुईवटा गीति एल्बम प्रकाशित छन् । 'आस्थाका आवाजहरू' नामक गीति एल्बम प्रकाशनको संघारमा छ । आरोहले 'लाल सलाम गणतन्त्र नेपाललाई' र 'मातृभूमि' नामका दुई भिडियोमा अभिनयसमेत गर्नु भएको छ । उहाँको निर्देशनमा दुईवटा गीति अपेरा 'वीरहरूको रगतले' २०७३ र 'वेपत्ता योद्धाको खोजी' २०७४ तथा दुइटा नाटकहरू 'गाँउ-गाँउमा सिंहदरबार'-२०७४ र 'क्रान्ति मरेको छैन' २०७५ तयार भई प्रदर्शन समेत भएका छन् ।

२०७० सालको चुनाव बहिष्कार अभियानमा घाइते भई दाहिने हात गुमाउनु भएका आरोहले करिब तीन दर्जन जति क्रान्तिकारी गीतहरूमा संगीत भर्नु भएको र 'देशको माया', 'हाम्रो दिन आछैन भनेभै भाछैन' जस्ता अनेक गीतहरूको रचना गर्नु भएको छ र निरन्तर जनवादी तथा क्रान्तिकारी गीतसङ्गीतको सिर्जनामै क्रियाशील हुनुहुन्छ । शब्द र कर्मको एकत्वबाट जन्मिएका आरोहका सृजना नेपाली प्रगतिवादी सांस्कृतिक आन्दोलनलाई नयाँ गति र ऊर्जा दिन महत्वपूर्ण छन् भन्ने कुरा बोध गर्न गारो छैन ।

# गोर्खा पल्टनदेखि जनयुद्धको महायात्रासम्म क.लेकाली

● **अनिल शर्मा 'विरही'**

पिता लालबहादुर गुरुङ्ग र आमा कपूर्णा गुरुङ्गको कोखबाट वि.सं. २००१ म नागीधार ठूलेगाउँ, मिजुरे-२, कास्कीमा जन्मिनु भएका क. डम्बर बहादुर गुरुङ्गको पार्टीमा साङ्केतिक नाम 'लेकाली' थियो । भनिन्छ हरेक मान्छेको जीवन चाहे त्यो विश्व चर्चित नायक होस् या भेडी गोठालो, उसको जीवनकथा आफैंमा एउटा विशाल काव्य हो । द्वन्द्वरत समाजमा कवि लक्ष्मीप्रसाद देवकोटाले भनेझैं 'लहराउनु, चलमलाउनु र गुनगुनाउनु नै जीवन' रहेछ ।

नेपालका हिमनदी धेरैले तिब्बतका पठारमा सालनाल गाडेका छन् । महाभारतका कन्दरामा भोटो फेरेका छन् र गङ्गाको मैदानमा जवानीको सयपत्री फुलाएका छन् । यो गोलभूगोलका सबै हण्डर ठक्कर र मुटुको कुनामा सजाएर बगेका छन् हिम-नदी । लाग्छ क. लेकालीको जीवनयात्रा आफैंमा हिमनदीको यात्रा हो । जो जिम्मुवाल परिवारमा जन्म्यो, चितवनको सर्प र लामखुट्टेसँग खेल्यो, गोर्खा फौजदेखि जनयुद्धको यात्रासम्म यात्रारत रह्यो ।

डम्बरबहादुर गुरुङ्गका बुवा जिम्मुवाल थिए । परम्पराअनुसार गाउँका निम्सराले जिम्मुवालको घरमा चाडबाडमा खसीको टाउको र फल मासु बुझाउनु पर्थ्यो । पारिश्रमिक नलिई मेलापात गरिदिनु पर्थ्यो । समाजमा जिम्मुवाल बाको आदेश र इच्छाबिना पात पनि हल्लिन्न थियो । परिवारको सामन्ती आडम्बर, आर्थिक र सांस्कृतिक उत्पीडन क. डम्बरलाई मन परेन । तर त्यसको कारण र मुक्तिको बाटो भने उनले देखेका थिएनन् । परम्परागत समाज र जीवनप्रतिको असन्तोष तथा नयाँ संसार अदृश्य भैरहेको बेला उहाँ गाउँ छोडेर काठमाडौं पुग्नुभयो ।

काठमाडौंमा पनि लामो समय उहाँको मन थामिएन । त्यसपछि डम्बरबहादुर गुरुङ्ग चितवन हानिनु भयो । पैत्रिक सम्पत्ति नै नलिइकन उहाँ भौतारिनु भएको थियो । शारदानगर-९, चितवनमा उहाँको स्थायी बसोबास भयो । २०२६ सालमा शारदानगर-१ की पार्वती गुरुङ्गसँग उहाँको विवाह सम्पन्न भएको थियो । डम्बरका एक छोरा सुरेन्द्र गुरुङ्ग, छोरीहरू विनागुरुङ्ग र रमा गुरुङ्ग हुनुहुन्छ । डम्बर गुरुङ्गले शारदानगर मा.वि.बाट प्रवेशिका परीक्षा उत्तीर्ण गर्नु भएको थियो । उहाँले



शिक्षण तालिम लिएपछि शिवनगर गा.वि.स.को सूर्यनगरमा शिक्षण पेशा गर्नुभएको थियो ।

शिक्षण पेशामा रहेकै समयमा डम्बरबहादुर गुरुङ्ग भारतीय सेनाको 'गोर्खा पल्टन' मा भर्ना हुनुभयो । विकसित उत्पादक शक्तिसँगको सम्पर्कले उहाँमा रहेको सामन्तवादविरोधी चेतना झनै समृद्ध बन्ने भौतिक अवस्था सिर्जना भयो । आफ्नो जीवन, नेपाली दाजुभाइको जीवन पराइको निम्ति किन बिताउनु पऱ्यो ? उहाँको मनमा आफ्नो दासजस्तो जीवनप्रति असन्तोष पैदा भयो । उहाँमा विकसित भैरहेको मात्रात्मक विद्रोही चेतनाले गुणात्मकता हासिलगर्दै थियो । त्यसैबीच सन् १९६५ मा भारत र पाकिस्तानको बीचमा युद्ध भयो । त्यो युद्धमा गोर्खा पल्टन सहभागी भयो । हजारौं नेपाली घाइते भए, अपाङ्ग बने र मृत्युवरण गर्न बाध्य भए । अर्काको स्वार्थका लागि रगत बगाउनु पर्दा स्वाभीमानी हृदयहरू बिचलित भैरहेका थिए ।

एक दिन उहाँले अर्काका लागि रगत नबगाउने अठोट गरेर नेपाल फर्किनुभयो । गोर्खा पल्टन छोड्नुका कारण सोध्दा उहाँ भन्नुहुन्थ्यो - "गोर्खा पल्टनका हामी र पाकिस्तानी सेना आम्नेसाम्नेमा रहेर गोलाबारी चलिरहेको थियो । पाकिस्तानी सेनाले वाकीटकी यन्त्रबाट 'देखो गोर्खाली भाइ तुम मरोगे तो कुत्ता जैसा मरोगे, हम मरेंगें तो सहीद बनेंगे' भने । त्यसले मेरो हृदय छियाछिया पाऱ्यो । त्यसपछि जे गर्छु आफ्नै देशका लागि गर्छु भनेर पल्टन छोडेर फर्किएँ ।" उहाँ गोर्खा पल्टनमा हवल्दार पदमा हुनुहुन्थ्यो । जम्दार पदोन्नती हुने क्रममा भारतीय हाकिमसँग चर्को द्वन्द्व भएको स्मरण गर्नुहुन्थ्यो उहाँ । भारतीय गोर्खा पल्टन छोडेर नेपाल फर्किएपछि उहाँ कम्युनिष्ट पार्टीको सम्पर्कमा पुग्नुभयो । उहाँमा भारतीय सेनामा रहँदादेखि नै कम्युनिष्टप्रति सहानुभूति थियो ।

२०३४ सालमा चितवनका भोकानाङ्गा जनताले सामन्ती शोषणविरुद्ध विद्रोह गरेका थिए । त्यो विद्रोहलाई 'जुगेडी संघर्ष' भनिन्थ्यो । त्यो विद्रोहका एकजना (काउले, दुम्किनगाउँ) का डम्बरबहादुर गुरुङ्गलाई पक्राउपूर्जी जारी गरिएको रहेछ । नाम मिल्न गएका कारण प्रहरीले उहाँको खोजी गर्न थालेपछि केही समय भूमिगत हुनुभएको थियो । जुगेडी विद्रोहसँग जोडेर बिनाकारण आफूलाई दुःख दिएपछि त्यो आन्दोलनका विषयमा जान्ने जिज्ञासा पैदा भएको कुरा क. लेकालीले बताउने गर्नुहुन्थ्यो । त्यो प्रसङ्गले उहाँलाई कम्युनिष्ट बन्ने प्रक्रियामा गतिप्रदान गरेको देखिन्छ । क. रामबहादर थापा 'बादल' र क. डम्बरबहादुर गुरुङ्ग 'लेकाली'कुनै बेला एउटै पार्टी सेलका सदस्य थिए ।

संयोग पनि कस्तो थियो भने क. बादलले शोभियत सङ्घको छात्रवृत्तिको अध्ययन छोडेर क्रान्तिका लागि नेपाल आएका थिए भने क. लेकाली गोर्खा पल्टन छाडेर आएका थिए । क. लेकालीप्रति माओवादी पार्टी नेता क. बादलको गहिरो सहानुभूति देखिन्थ्यो । त्यस सन्दर्भमा क. शोभा कट्टेल 'प्रतिभा' भन्नुहुन्छ, "२०५६ सालमा गोरखपुरमा बादलदाइसँग भेट हुँदा चितवनका लेकाली बा एकजनाको विषयमा मात्र मसँग हालखबर सोध्नु भएको थियो । त्यसबाट बादल दाइले ...*बाँकी ७ पेजमा*

### सरकारी...

अधिकारभित्र पारिएको छ, तर यिनै क्षेत्रहरूमा स्पष्ट देखिने गरी पुँजीवादका सबैभन्दा ठूला नाफाखोरहरू-दलाल तथा विचौलीयाहरूले नेपालको शिक्षा, स्वास्थ्य र आवासको जिम्मा लिइरहेका छन् । जनताको मौलिक अधिकार भनिएका यी हरेक क्षेत्रहरूमा दलाल र विचौलियाहरूको बिगबिगी छ । यो सरकारले नेपालको सन्दर्भमा कस्तो समाजवाद लागु गर्ने भन्ने सम्मको आम बहस चलाउने हिम्मत सम्म राख्दैन् ।

यस्तो सरकारको समाजवाद आखिरमा मार्क्सले १८४८को घोषणापत्रमा भनेझैं प्रतिक्रियावादी समाजवाद नै हो । तै पनि केही लाज नमानी यो सरकारका मन्त्रीहरू समाजवादको नारा दिनभने छाडेका छैनन् । संसदवादी पार्टीहरू आफैमा जनविरोधी हुन्छन् र नेपालको सत्ताअहिले पनि पुरै प्रतिक्रियावादी-जनविरोधी नै छ । यस्तो संयन्त्रबाट आउने समाजवाद कस्तो होला ? उत्तर आफै स्पष्ट छ-प्रतिक्रियावादी, जनविरोधी, फासिष्ट समाजवाद ।

नेपालजस्तो गरीब देशका लागि आवश्यक वैज्ञानिक समाजवाद नै हो र यो संसदीय निर्वाचनबाट कुनै पनि हालतमा सम्भव छैन । मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा विद्यमान प्रतिक्रियावादी राज्य संयन्त्रलाई ध्वस्त पारेर मात्रै नेपालमा सहीमानेमा वैज्ञानिक समाजवाद स्थापित हुन सक्छ । मार्क्सवादका तीन संघटक अंगहरू- दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादमध्ये वैज्ञानिक समाजवाद एउटा महत्वपूर्ण अंग हो ।

मार्क्सको समाजवादलाई वैज्ञानिक समाजवाद भनिन्छ किनभने मार्क्सभन्दा अगाडि पनि अनेकौ समाजवादीहरू जन्मेका थिए र समाजवाद भन्ने शब्दको पनि जन्म भइसकेको थियो । विश्व इतिहासमा काल्पनिक समाजवादका रूपमा अंग्रेजीमा युटापियन सोसलिज्म भनिन्छ, यो शब्दको प्रयोग सबैभन्दा पहिले अंग्रेज विचारक तथा धार्मिक नेता थोमस मोर (१४७८-१५३५) ले गरेका थिए । उनले इ.स. १५१६मा युटोपियन नामक एउटा पुस्तिका लेखे, जसमा एउटा काल्पनिक टापुको कल्पना गरिएको थियो र त्यो टापुमा त्यसबेला बेलायतमा पाइने भन्दा भिन्नै खालको राजनीतिक व्यवस्था, उत्पादन तथा वितरणको न्यायोचित व्यवस्था, पैसाको कुनै खाँचो नभएको, न निजी पुँजी, न धनी, न गरिब, न अल्छीका पिण्डहरू, न कम्मर भाँचिने गरी मेहनत गर्नेहरू आदि हुने छन् भनेर कल्पना गरिएको थियो ।

उक्त किताबमार्फत् थोमस मोरले अंग्रेजी सामन्ती भूमिपतिहरूको स्वच्छाचारिता र उनीहरूद्धारा गरिएको किसानहरूको पासविक दमनको जोडदार रूपमा विरोध गरे । तत्कालिन निरङ्कुश शासकहरूको विरोध गरेकोमा उनलाई नजरबन्द गरियो, र १५३५मा उनको टाउको काटियो र लण्डन पुलमा त्यसको प्रदर्शन गरियो । यिनलाई काल्पनिक समाजवादका पिता तथा संस्थापक भनिन्छ । यसरी विश्व समाजवादको विकासको उमेर अहिले करीब ५०० वर्ष पुगेको छ ।

तर मार्क्सको वैज्ञानिक समाजवाद सारमावर्ग, वर्ग संघर्ष, बल प्रयोगको मान्यता, र सर्वहारावर्गको अधिनायकत्व र साम्यवादको सिद्धान्तमा आधारित छ । त्यसैले सही कम्युनिस्टले स्थापना गर्ने समाजवाद सारमा सर्वहारा क्रान्ति र मुक्तिको सिद्धान्त बन्न गएको छ । मार्क्सले वारम्वार भनेको के हो भने विश्वका अन्य दार्शनिकले विश्वलाई बुझ्ने र व्याख्या गर्ने काम मात्रै गरे, तर विश्वलाई बुझ्ने र व्याख्यामात्रै गरेर पुग्दैन, मूलप्रश्न र मूल कुरा त विश्वलाई बदल्ने नै हो ।

यसरी ओली र प्रचण्ड सरकारले नेपालमा ल्याउने समाजवाद भनेको मार्क्सले व्याख्या गरेको वैज्ञानिक समाजवाद नभई माक्सले १७० वर्ष अगाडि नै भनेको तर प्रतिक्रियावादी समाजवाद हो र यसले दिने सेवामाथि भनिए झै पुरै नोकरशाही तथा दलाल पुँजीपति वर्गका लागि हो र त्यसले एकाधिकार दलालहरूको छाडा पुँजीवादका सबैभन्दा ठूला नाफाखोर र विचौलियाहरूसित भित्रिरूपमा भागबण्डा गरेर नेपालमा प्रतिक्रियावादी समाजवादको नारालाई कार्यान्वयन गर्ने मार्गतर्फ अग्रसर छ । सारमा ओली-प्रचण्डको समाजवाद प्रतिक्रियावादी, जनविरोधी र फासिष्ट समाजवाद हो भन्ने स्पष्ट छ, जसको अन्त्य सबैखाले संसदीय व्यवस्थाको अन्त्यसित अभिन्न रूपले गाँसिएको छ । संसदीय व्यवस्थाको टाउको र घांटीसित प्रतिक्रियावादी, जनविरोधी, फासिष्ट समाजवादको टाउको र घांटी जोडिएको छ ।

### गोर्खा...

लेकाली बालाई कति धेरै सहानुभूति राख्नु हुँदो रहेछ भनेर अहिले पनि म चकित हुने गर्छु ।” शारदानगर-७, किरणगञ्जस्थित रानीपोखरी देखाउँदै क. प्रतिभाले क. लेकाली र क. बादलको आपसी सम्बन्धका सन्दर्भमा भन्नु भएको थियो “डम्बर बुवा र बादलदाइले यही पोखरीमा पौडी खेल्न सिक्नु भएको हो रे ।”

२०५५ सालसम्म क. लेकाली पार्टीको चितवन जिल्ला सदस्य हुनुहुन्थ्यो । २०५५ मा जिल्ला सदस्य पेशेवर हुनुपर्ने निर्णय भएपछि उहाँ इलाका सदस्यमा झर्नुभयो । त्यसपछि उहाँ उपइलाका इञ्चार्ज बन्नु भयो । २०५७ सालमा उहाँ पेशेवर कार्यकर्ता बन्नुभयो । २०५७ मा खुशीराम पाख्रिन प्रवासतिर जानुभयो भने क. लेकाली पोखरा जानुभएको थियो । त्यसपछि उहाँ फेरि चितवन जिल्ला पार्टी सदस्य बन्नु भयो । २०५९ भाद्रमा उहाँ चितवन फर्किनु भएको थियो ।

२०५९ भाद्रमा छोरा सुरेन्द्रले चितवनको पहाडी क्षेत्रमा पार्टी सम्पर्कमा जानका लागि क. लेकालीलाई कयर खोलाको शिरमा पुऱ्याइदिएका थिए । त्यसपछि उहाँ त्यही क्षेत्रमा क्रियाशील हुनुहुन्थ्यो । २०५९ कार्तिक २५ गतेको दिन हो, ३ दिने नेपाल बन्दको कार्यक्रम थियो । चण्डी भञ्ज्याङ्गको भालुभञ्ज्याङ्गमा क. लेकाली र क.दलबहादुर बास बसेका थिए । जनजागरण अभियान थियो । उनीहरू त्यस दिनदाहाखानीबस्ने योजना रहेछ । तर शाही सेनागाउँ पसेको हल्लाचलेका कारण तमु मोर्चाको काम पनि हुने, गुरुङ्ग समाजमा आफूलाई बस्न सहज पनि हने र सेना त्यतातिर आउन सक्ने निष्कर्ष निकालेपछि उनीहरू दुई जना चण्डी भञ्ज्याङको तम्कासमा बास लिनपुगे ।

घटना भएको दिनसँगै रहेका क.दण्डपाणी पौडेल ‘दलबहादुर’ त्यो क्षण स्मरण गर्दै भन्छन्, “तम्कासबाट बिहान उठेर हिँड्यौं । भालुभञ्ज्याङ्गपुग्दा सेना जस्तो लाग्यो, तर ठम्याउन सकिएन । सेना हो कि गाईवस्तु हो जस्तो तिरमिर भयो । दुईटा बूढा छलफल गर्दै हिंडेका थियौं । चौबाटोमा पुग्दात सेनाले घेरिसकेको रहेछ । अलिकति पछाडि फर्केर गल्छीबाट भीरतिर हाम्फाल्यौं । अंग्रेजी ‘भी’ अक्षरको भित्रतिर उहाँ घेरा तोड्न दौडनु भएछ । संयोगवश म बाहिर परेछु ।

शाहीनेपाली सेनाले ‘भी’आकारमा घेरा हालेको रहेछ । दुई फायर सुनिएको थियो । म निगालो घारीमा लुकेँ । उहाँलाई कब्जामा लिएर हत्या गरेछन् । तीन दिनपछि पार्टीमा खबर पुऱ्याएँ । कालीखोला पुगेर पार्टीमा सम्पर्क गरेको थिएँ ।” क. दलबहादुर सो घटनाको सन्दर्भमा अझ अगाडि भन्छन्, “स्थानीय जनताले हात बाँधेर लिएर गएको छ भनेका थिए । तर हत्या गरेका रहेछन् । छ दिनपछि शव फेलापऱ्यो ।” क. लेकालीको हत्याभएको स्थान भालुभञ्ज्याङ्गमा ‘लेकाली स्मृति चौतारी’ निर्माण गर्ने घोषणा चितवन पार्टीले त्यसैबेला गरेको थियो । तर त्यो कार्य २०६८ सालसम्म पनि भएको छैन ।

क. लेकालीको गिरफ्तारीको खबर घरमा क. निलकण्ठ सुवेदी ‘सुभास’ ले पुऱ्याउनु भएको थियो । शाही सेनाको बैरेनी बाहिनीले गिरफ्तार गरेको थियो । “सैनिक जवान पूर्णबहादुर विश्वकर्मालाई लिएर सेनाका विभिन्न अखडामा गएँ । जीवन रक्षाका लागि एम्नेष्टि इन्टरनेशनल र राष्ट्रिय मानवअधिकार आयोगमा निवेदन गरें” छोरा सुरेन्द्र भावुकहुँदै भन्छन् । क. लेकालीको सहादत भएको खबर घरसम्म क. घननाथ सापकोटा ‘विकास’ले पुऱ्याएका थिए । क. लेकालीको हत्या गरेपछि शव लिन माओवादीहरू आउँछन् भनेर ३ दिनसम्म शाही सेना घात लगाएर बसेको थियो । २०५९ भाद्र २३ गते ‘बासु स्मृतिदिवस’को दिनगोर्खाको ताकुप्रहरी चौकीकब्जा गरेको थियो । त्यसको दुई दिनपछि शाही सेनाले गिरेको मनोबल उठाउन नक्कली भिडन्तको नाटक रचेर निशस्त्र माओवादी नेता क. लेकालीको बर्बरतापूर्ण हत्या गऱ्यो ।

बुवासँगका ती प्रिय दिनको स्मरण गर्दै सुरेन्द्र गुरुङ्ग भन्छन्-“बाबा रिसाउनु भयो भने नारायणगढ गएर अखबार ल्याइदिएपछि रिसाउन छोड्नुहुन्थ्यो । एकपटक माडीमा गल्ला आएको रहेछ । केटाहरूले जाऊँ भनेपछि बाबालाई नसोधी गएँ । गल्लाहरूले मलाई मन पराए । शरीरमा नम्बर लेखेका थिए । त्यो देखेर बाबाले रिसाउँदै थुक्नु भएको थियो ।” छोरा सुरेन्द्रले त्यसो भन्दै गर्दा आमा पार्बती गुरुङ्गले सुरेन्द्रलाई उछिन्दै थप्नुहुन्छ- “भर्तिको त नामै लिनहुँदैनथ्यो नि ।” आफ्नै जीवनको एउटा कालखण्ड, भाडाको सैनिक जीवनप्रति उहाँमा त्यत्ति धेरै घृणा थियो ।

२०४५ सालमा सुरेन्द्रलाई उनका बुवा डम्बरले कलाकार टोलीमा सम्पर्क गराउनु भएको हो । उहाँले छोरालाई ‘असल कम्युनिष्ट कसरी बन्ने?’ भन्ने ल्यू शाओ चीको पुस्तक अध्ययन गर्न दिनुभएको थियो । मान्छेका आफ्नै आदर्श र रमाइलो गर्ने बान्कीहरू हुन्छन् । जिम्मुवाल पुर्खा र जनजाति भए पनि जुवातास र जाँडपानीको कुनै शोख क. लेकालीमा थिएन । साथीहरू जम्मा भएर बस्ने र आन्दोलनका विभिन्न पक्षमा छलफल चलाउने गर्नुहुन्थ्यो क. लेकाली । ‘खराब आचरण र व्यवहार खराब चिन्तनकै परिणाम हुन्’ भन्ने कुरालाई क. लेकालीले जीवनव्यवहारमा लागू गर्नुभएको थियो ।

आचरण र व्यवहारमा बुर्जुवाभन्दा पछाडि लम्पट श्रमिकभन्दा पछाडि देखिने तर विचारमा मात्रै क्रान्तिकारी देखिने कम्युनिष्ट आन्दोलनको समस्याबाट क. लेकाली पृथक हुनुहुन्थ्यो । क. लेकालीको पाको उमेरमा जनयुद्धको महान् यात्रामा सहीद बन्नुभयो । चितवनको भालु भञ्ज्याङ्गमा उहाँले सहादतप्राप्त गर्नुभयो । लाग्छ, भालु भञ्ज्याङ्ग अहिले पनि क. लेकालीले माइला लामाको यो गीत गाइरहनु भएको छ-

*‘आमाले आँशु बगाउनु होला नरुनु भन्दिनु*
*पार्टीलाई मेरो कमिज दिनु सहीद भो भन्दिनु*
*गद्दारले धोका जनतालाई देलान् आन्दोलन नरोक्नु*
*गलामा लागोस् फाँसीको फन्दा तै पनि नझुक्नु ।*

(साभार : समर प्रतीक मासिकबाट)

### राजनैतिक...

हुन्छन् भने जस्तै, क्रान्तिकारी पार्टीका काडरहरू पद र प्रतिस्थामा फस्न पुगेका कतिपयले सिद्धान्त र पार्टीको लक्ष र उद्देश्य प्रति ख्याल राख्छ भनेर सोच्नु पनि गलत कुरा हो । तर, यसो भनेर हामीले आफ्नो हात मुख बाँधी गुमसुम भई बस्नु पनि त ठिक होइन ।

दुनिया बदल्ने गहन अभिभारा बोकेर हिंडेका क्रान्तिकारीहरूले, विश्व राजनीतिको यथार्थता “राजनैतिक सत्ताको जन्म बन्दुकको नालबाट हुन्छ” भन्ने सत्यतालाई हरेक सच्चा कम्युनिष्टहरूले राम्ररी बुझ्नै पर्छ । हाम्रो सिद्धान्त के हो भने पार्टीको आदेश अनुसार बन्दुकले चल्नुपर्छ, र कुनै पनि हालतमा बन्दुकको आदेश अनुसार पार्टी दिनु हुन्दैन । तर हाम्रो हातमा बन्दुक भएको खण्डमा हामी पार्टी संगठनहरू सहजरूपले निर्माण गर्न सक्छौं भन्ने कुरा दश वर्षिय महान जनयुद्ध यसका सबुत प्रमाण हुन् । यसरी नै हामी काडरहरू तयार गर्न सक्छौं, संस्कृतिको सिर्जना गर्न सक्छौं, जनआन्दोलन संगठित गर्न सक्छौं । सबै थोकको जन्म बन्दुकको नालबाटै हुने गर्छ । राजसत्तासम्बन्धी मार्क्सवादी सिद्धान्तअनुसार सेना राजसत्ताको मुख्य अङ्ग हुन् । जसले राजसत्ता कब्जा गर्न र त्यसलाई आफ्नो हातमा राखि छाड्न चाहन्छ उसँग बलियो सेना हुनैपर्छ ।

नेपालमा अहिले त्यो मिचाहा र हेपाहा प्रवृत्तिका आक्रमणकारी, मित्रताको नाउँमा दुष्कर्मी भारतीय विस्तारवादले, अत्यन्तै दुःसाहसपूर्ण ढङ्गले आततायी क्रियाकलाप तीब्र रूपले अगाडि बढाउँदै आइरहेको वर्तमान स्थितिमा, तिनका लाचार छाँया ती निकम्मा केपी ओली नेतृत्वको वर्तमान सरकार, राष्ट्रिय गौरव तथा राष्ट्रिय स्वाधिनतालाई प्रत्यक्ष रूपले निल्न, भारतीय विस्तारवाद अग्रसर भई आइसक्दा पनि, आफुचाहिँ विलकूल सञ्चो मानी गुमसुम तमासेको रूप धारणगरी ऐश आरामसाथ राजसत्तामा आसिन रही आएकालाई मुन्ट्याएर, दलाली त्यो राजसत्तालाई ध्वष्ट पारी आततायी भारतीय विस्तारवादको धज्जी उडाई अब उप्रान्त नेपालमा मात्र होइन, विश्वका अन्य कुनै पनि देशमाथि कुदृष्टि गाड्न हिम्मतसम्म गर्न नसक्ने गरी बहुला कुकुरलाई झैँ लखेटी पठाउन र देश र जनताको पूर्ण मुक्ति र स्वतन्त्रताका साथै, नेपालमा संघीय जनगणतन्त्र (जनवादी) राजसत्ता स्थापित गर्न, राष्ट्रिय प्रतिरोध युद्धको कार्यभार पूरा गरी, यसै युद्धलाई सशस्त्र जन-विद्रोह (नयाँजनवादी क्रान्ति) मा रूपान्तरण गरी अगाडि बढ्न, नेपालका तमाम् क्रान्तिकारी पार्टी, प्रगतिशिल वामपन्थी कम्युनिष्ट लगायत जनवादी तथा श्रमजीवी जनसमुदाय सब एकसाथ क्रान्तिकारी रणभूमिमा दृढ मनस्थितिका साथ एक ढिक्को भई उत्रेर आजको राष्ट्रिय अभिभारा पूरा गर्नु सच्चा देशभक्त राष्ट्रवादी नेपाली मात्रको दायित्व हो र यसको निम्ति आफ्नो टाउकोमा आफै कात्रो बाँधी मृत्युलाई हाँक दिने महाप्रलयकारी सुनामी भई रणभूमिमा उत्रनु आजको यो नै समयको माग हो र नेपाली क्रान्तिकारीको राष्ट्रिय दायित्व पनि हो ।

### कम्युनिष्ट...

नै पार्टीको तागत, त्यसको लडाकु क्षमता, त्यसको भूमिकाको प्रभावकारिता पनि रहन्छ ।

सर्वहारावर्गको पार्टीमा विभिन्न सैद्धान्तिक सवालहरूमा, त्यसका रणनीतिक तथा कार्यनीतिक दिशासित सम्बन्धित सवालहरूसँग विभिन्न नीतिहरूको कार्यान्वयनका सवालहरूमा मतभेदहरू उत्पन्न हुन्छन् । विचलनहरू त्यसबेला देखापर्छन्, जब पार्टी सदस्यहरूको कुनै अंग मार्क्सवादका सिद्धान्तहरू र पार्टीद्वारा निर्धारित कार्यदिशा र नीतिहरूबाट विचलित हुन्छन् । यसबारे लेनिनको यस्तो भनाई छ : “विचलन भनेको पूर्ण विकसित भइसकेको धारा होइन । विचलन भनेको त्यस्तो कुनै चिज हो, जसलाई सच्याउन सकिन्छ । मानिसहरू बाटोबाट बहकिएका छन् वा बहकिन थालिरहेका छन् ।” २१

पार्टीभित्र देखापर्ने विचलनहरू खासरूपले दुईओटा छन् : दक्षिणपन्थी विचलन र वामपन्थी विचलन । यी पार्टीभित्र गैरसर्वहारा विचारधाराहरूका प्रतिविम्ब हुन् । यसरी विचलन देखापरेपछि सैद्धान्तिक आधारमा त्यसका विरुद्ध संघर्ष चलाएर त्यसलाई सच्याउनु पर्छ । सिद्धान्तका आधारमा छलफल तथा संघर्षद्वारा विचलित भएका कामरेडहरूलाई सही बाटोमा ल्याउन प्रयत्न गरिनु आवश्यक छ । यदि त्यस्तो संघर्ष नचलाइकन र समयमा त्यसलाई नहटाइकन रहन दिने हो भने त्यसले आफूलाई खतरनाक रूपमा विकसित गर्न सक्छ । सुरुमा त्यस्तो विचलन सानो र नगण्यजस्तो भए पनि कुनै खास अवस्थाहरूमा त्यसले वैचारिक रूपमा मात्र होइन, सांगठनिक रूपमा पनि आफूलाई एउटा गुटको रूपमा अर्थात् आफ्नै छुटै मञ्च र व्यवस्था भएको समूहको रूपमा स्थापित गर्न सक्छ । गुटको रूप लिएपछि, त्यसका सदस्यहरूले पार्टी अनुशासनको उलंघन गर्दछन् । बहुमतको निर्णय मान्न इन्कार गर्छन् र पार्टीभित्रबाट पार्टी विरोधी गतिविधि चलाउँछन् र यसरी पार्टीमा फाटो ल्याउनु खोज्छन् । वास्तवमा गुटबन्दीले क्रान्तिविरोधी शक्तिहरूको सेवा गर्छ र त्यो पार्टीको सैदान्तिक तथा सांगठनिक एकताको लागि बडो हानिकारक छ ।

तसर्थ, लेनिनले पार्टीमा गुटबन्दीलाई स्थान दिन नहुने र त्यसको दृढरूपमा विरोध गर्नुपर्ने बताउँछन् । उनी लेख्छन् : “सबै वर्गसमेत मजदूरहरूले कुन कुरालाई स्पष्टसित बुझ्नु पर्छ भने सबै खालको गुटबन्दी हानिकारक र आग्रहय छ, किनभने वैयक्तिक समूहहरूको सदस्यहरूले पार्टी एकतालाई सुरक्षित पार्न जतिसुकै चाहे पनि गुटबन्दीले व्यवहारमा अनिवार्यरूपबाट एकतालाई कमजोर पार्छ र शत्रुहरूको तर्फबाट फाटोलाई फराकिलो पनि र त्यसलाई क्रान्तिविरोधी उद्देश्यमा प्रयोग गरिने तीव्रता र निरन्तर प्रयत्नलाई पैदा गर्छ ।” २२

उपरोक्त सम्बन्धमा, कम्युनिष्ट पार्टी क्रान्तिकारीहरूको संगठित दस्ता हो, र यसमा गुटबन्दीलाई कुनै स्थान दिइनुहुन्न । पार्टीले आफ्नोभित्र देखापर्ने अवसरवादी विचलन तथा गुटबन्दीहरूको दृढरूपमा संघर्ष चलाई पार्टी एकतालाई जब्बर पार्नुपर्छ । पार्टीको आन्तरिक जीवनमा पार्टी सदस्यहरूको वैचारिक तथा सांगठनिक एकता, तिनीहरूको विचार र कारबाहीमा एकबद्धता र उच्च सचेतनायुक्त अनुशासन हुनुपर्ने र त्यसलाई सुदृढ पार्नुपर्ने कुरामा पार्टी संगठनसम्बन्धी लेनिनवादी सिद्धान्तको सार रहेको छ ।

***सन्दर्भ सामग्री***


११. लेनिन, “संकलित रचनाहरू ”, भाग ११, पृष्ठ २०७ ।
१२. लेनिन, “संकलित रचनाहरू ”, भाग ११, पृष्ठ ४३७ ।
१३. लेनिन, “संकलित रचनाहरू ”, भाग १५, पृष्ठ ४०९ ।
१४. लेनिन, “संकलित रचनाहरू ”, भाग १०, पृष्ठ ४७ ।
१५. लेनिन, “संकलित रचनाहरू ”, भाग ५, पृष्ठ ३५५ ।
१६. लेनिन, “संकलित रचनाहरू ”, भाग ५, ३५५ ।
१७. लेनिन, “संकलित रचनाहरू ”, भाग ३१, पृष्ठ ५७ ।
१८. कृष्णदास,“पार्टी संगठनका समस्याहरू”, पृष्ठ ५०बाट उद्धृत ।
१९. लेनिन, “संकलित रचना”, भाग १४, पृष्ठ ३४ ।
२०. लेनिन, “संकलित रचना”, भाग ३१, पृष्ठ ४४ ।
२१. लेनिन, “संकलित रचना”, भाग ३२, पृष्ठ २५१ ।
२२. लेनिन, “संकलित रचना”, भाग ३२, पृष्ठ २४१ ।


### संघीय...

भएकाले विदेशी एकाधिकारी पुँजी, कर्पोरेट पुँजीको हस्तक्षेप रोकेर मात्र देशको अर्थतन्त्रलाई स्वाधीन र आत्मनिर्भर बनाउन सकिन्छ । राष्ट्रिय पुँजीको विकास गर्न सकिन्छ । उक्त दुई कुरालाई बाइपास गरेर आउने समाजवाद र समृद्धिको सपना देखाएर नर्कको यात्रा मात्र हुन्छ । ओली सरकारको यो बजेट कार्यक्रम पनि फूलबुट्टा भरेको पपुलिस्ट बजेट हो र विगतको निरन्तरता हो । यो बजेटले फेरि एक पटक आर्थिक पराधीनता बढाउने छ । मुद्रास्फिति थप्ने छ । धनी गरीब बीचको खाडल अरु गहिर्याउने छ । तर सरकारी कार्यकर्ता भने मोटाउने छन् ।

### ओली...

(नेकपा) भित्रको किचलो बाहिर आएको बताए ।

पार्टीको क्रान्तिकारी युवा लिगको ३ नम्बर प्रदेशस्तरीय प्रथम सम्मेलनको उद्घाटन गर्दै गजुरेलले ओली नेतृत्वको सरकारले जनताको लागि कुनै काम नगरेको दाबी गर्दै, ‘वर्तमान सरकार राष्ट्रघाती, जनविरोधी भएकाले सबै मोर्चामा असफल भएको छ, यसले जनतालाई झन भार थप्नेछ ।’ उनले सरकारबाट देश र जनताले परिवर्तनको कुनै अनुभूति गर्न नपाएको बताए । सम्बोधनको क्रममा अर्को प्रसंगमा अध्यक्ष गजुरेलले नेपालमा क्रान्ति सफल नभएको भन्दै आफ्नो पार्टीले आन्तरिकरूपमा सशक्त क्रान्तिको तयारी गरिरहेको दाबी गरे ।

### क्रान्तिकारी युवा...

क्रान्तिकारी माओवादीका ३ नं. प्रदेश सचिव दिनेश शर्मा सागर, क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जन, पार्टी केस तथा लिगका ३ नं. प्रदेश इन्चार्ज बसन्त बोगटी लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।


रोयल बुईपा A/C जम्बो हाईस


गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०
टाटासुमो बोलेरो
काठमाडौं फोन
०१-५१००४९४
९८४११०६९६७
९८४४४०३१५९
यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४००८४००

## आलोपालो

# संघीयता र विकास विरोधी बजेट


❑ सीताराम तामाङ ❑

समाजवाद उन्मुख बजेटका नाममा अर्थमन्त्री डा. युवराज खतिवडाले आर्थिक वर्ष २०७६/०७७ का लागि कूल विनियोजित रु. १५ खर्ब, ३२ अर्ब ९७ करोडको बजेट संसदमा प्रस्तुत गरेका छन् । विनियोजित रकममध्ये चालु खर्च (साधरण) तर्फ रु. ९ अर्ब ५७ अर्ब १० करोड (६२.४ प्रतिशत), पुँजीगत (विकास) तर्फ रु. ४ खर्ब ९ अर्ब (२६.६ प्रतिशत) र वित्तीय व्यवस्थापनमा रु. १ अर्ब ६७ खर्ब ८६ करोड छुट्याएको छ। खर्च बेहोर्ने स्रोतहरू राजस्वबाट रु. ९ खर्ब १४ करोड, वैदेशिक अनुदानबाट रु. ५७ अर्ब ९९ करोड प्राप्त हुने अनुमान गरिएको छ। न्युन हुने रकम रु.४ खर्ब ९ अर्ब ८३ करोड देखिन्छ। उक्त न्युन हुने रकम वैदेशिक अनुदान र ऋणबाट रु. २ खर्ब ९८ अर्ब ८३ करोड र आन्तरिक ऋणबाट रु. १ खर्ब ९५ करोड पूरा गरिने छ।

कूल विनियोजित बजेटमध्ये रु. ४ खर्ब ६३ अर्ब (३० प्रतिशत) प्रदेश र स्थानीय तहलाई छुट्याइएको छ। उक्त रकममध्ये चालु खर्चतर्फ रु. ४ खर्ब ५३ अर्ब र पुँजीगत विकास तर्फ रु. २६ अर्ब ९ करोड (६ प्रतिशत) हुने देखिन्छ।

सांसदका निम्ति प्रति व्यक्ति रु. ६ करोडको हिसाबले रु. ९ अर्ब ९० करोड कर्मचारीलाई तलव थप रु. १ खर्ब ४५ अर्ब र अन्य खर्च रहेको छ।

अर्थमन्त्रीद्वारा प्रस्तुत बजेटको उक्त तालिकाले आव २०७६/०७७ को बजेटमा राजस्व उठ्नेभनदा बढी साधरण खर्चको भार देखिन्छ। संसदलाई निर्वाचन क्षेत्र विकास खर्च, कर्मचारीको तलव वृद्धिलगायत थुप्रै खर्चका कारण नागरिकलाई चर्को करभार पार्दै असुलिएको रकमले देशको साधरण खर्च धान्न नसकेको हो। साधरण खर्चमै राजस्व रकम खर्चिने र त्यसमाथि थप ४३ अर्ब १० करोड समेत बाह्य वा आन्तरिक ऋणलिनु पर्ने अवस्था भएपछि जति गुड्डी हाँके पनि विकास निर्माणमा लगाउन सकिने अवस्था रहँदैन।

दोस्रो, संघीय अवस्थामा प्रदेश र स्थानीय तह नै खर्च गर्ने/गरिने तहहरू हुन् र बजेटको ठूलो रकम तिनै क्षेत्रमा विनियोजित गरिनु पर्दछ। तर अर्थमन्त्रीको बजेट विनियोजनको ढाँचा हेर्दा केन्द्रले नै ७० प्रतिशत विनियोजन गरेको र स्थानीय तहले गर्ने काममा पनि हस्तक्षेप गर्ने गरेको देखिन्छ। त्यसैले यो बजेट संघीयता विरोधी छ।

तेस्रो, विदेशी संस्थाहरूले पनि नेपालमा राजनीतिक, कर्मचारी र सुरक्षा तिनै निकायलाई थप बल पुर्‍याउने काम गरेको छ। राष्ट्रिय योजना आयोग, अर्थमन्त्रालय, र लेखा परीक्षकको कार्यालय, के काम गर्छन्, यदि सांसदहरूले व्यक्तिगत ६/६ करोड वार्षिक खर्च गर्छन् भने । यो नागरिकले तिरेको राजस्वमाथि बजेट मार्फत् ठूलो भ्रष्टाचारको खेल हो।

व्यापार घाटा : कमजोर अर्थतन्त्रको पहिचान हो व्यापार घाटा । नेपालको एक वर्षको बजेट जत्रै व्यापार घाटा, १४ खर्बभन्दा बढी रकम यो वर्षमा हुने देखिएको छ। निर्यातमा वृद्धि छैन। केवल आयातमा मात्र बृद्धि देखिन्छ। यो आफैमा रेमिटेन्सले धानेको देश हो। निर्यात बृद्धि गर्न लगानीमा बृद्धि गरिनु पर्दछ। तर सांसद खर्चका लागि लगाानी गरिएको छ। बिना काम धन्दाको गरीब देशमा यत्रो भारीभरम कर्मचारी किन ? राजनीतिक भ्रष्टाचार र माफिया तन्त्रको कारण वैदेशिक लगानीमा गत वर्षको तुलनामा यो वर्ष कमी आएको छ।

लगानीमा वृद्धि नगरी औद्योगीकरण हुँदैन । औद्योगीकरण नभई रोजगारीको सिर्जना हुँदैन। गरीबी घट्दैन। यो वर्ष कूल गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान ७ प्रतिशत पनि नपुग्ने स्थिति छ। नयाँ उद्योग खोलिनु भन्दा पनि भएको उद्योग बन्द हुने स्थिति छ। व्यापार घाटा कम गर्नेतिर सरकारको कुनै पनि योजना छैन।

उत्पादन वृद्धि गर्ने कृषि कार्यक्रम खोई ? मौसम अनुकूल हुँदा कृषि उत्पादनमा वृद्धि र प्रतिकूल हुँदा कमी आउँछ। गाउँमा जमिन बाँझो छ। युवा विदेश पठाइँदै छ। रेमिटेनसले कति दिन देश चलाउने ? मलेसिया र खाडीको एउटा मुलुकले एक वर्ष कामदार नलिए यहाँ गरीबी बढ्छ। देश चल्ने अवस्था हुँदैन, समृद्धि कहाँ ?

स्वर्गको सपना देखाएर नर्कको यात्रा : अर्थमन्त्रीले समाजवादको सपना देखाएर समृद्धि भित्र्याउने कार्यक्रमको रूपमा बजेट आएको बताएर देशलाई परनिर्भरतातर्फ धकेल्ने काम गरिरहेका छन् । हरेक वर्ष एउटा अर्थमन्त्रीले सरकारी कार्यक्रम सञ्चालन गर्न ल्याउने पारस्परिक बजेट भन्दा भिन्न छैन बहुमत सरकारको दोस्रो वर्षको यो कार्यक्रम पनि । यो सरकारले समाजवाद र समृद्धिको परिभाषा दिन सकेको छैन। त्यसका प्राप्तिका लागि कार्यक्रमको प्राथमिकता निर्धारण गर्न सकेको छैन । नेपाललाई सर्वप्रथम स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणले मात्र समाजवाद र समृद्धि तर्फ डोर्‍याउन सक्दछ। त्यसका लागि (क) नेपालको अर्धसामन्ती उत्पादन सम्बन्ध भत्काउन जरुरी छ। गुठी जमिन, जमिनदारले लुकाएका जमिन, राजामहाराजाका जमिन आदि जोत्नेका नाममा ल्याउनु पर्दछ। दलालहरूले चक्लाबन्दी गरेका जग्गाहरू राष्ट्रियकरण गरिनु पर्दछ। कृषिक्रान्तिको कार्यक्रम मार्फत् उत्पादनमा आमूल परिवर्तन गरिनु पर्छ।

(ख) नेपाल अर्धउपनिवेश र नवउपनिवेश दुवै *...बाँकी ७ पेजमा*

# सस्तो लोकप्रियतामा आधारित वितरणमुखी बजेट

काठमाडौं । ओली सरकारका अर्थमन्त्री युवराज खतिवडाले साढे आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने गरी १५ खर्ब ३२ अर्बको बजेट बजेट संसदमा प्रस्तुत गरेका छन्। मुद्रास्फिति ६ प्रतिशतमा सीमित राख्ने लक्ष्यसहित संसदमा पेश गरिएको उक्त बजेटलाई अर्थविद्हरूले सस्तो लोकप्रियता र वितरणमुखी भएका बताएका छन् । राजश्व र आन्तरिक ऋणबाट अपुग हुने करिब ३ खर्ब रूपैयाँ वैदेशिक ऋण लिने गरी तयार पारिएको यो बजेटले आफ्नो घोषित लक्ष्य हासिल गर्न नसक्ने पनि अर्थविदहरूको पूर्व आँकलन रहेको छ।

चालु आर्थिक वर्षमा सरकारले अनुमान र अपेक्षा गरेको वैदेशिक ऋण तथा अनुदानको आधा रकम समेत हात लोको छैन । बजेटले राखेको उद्देश्य र प्राथमिकीकरण तथा यसको स्वरूप आलोचना गर्ने खालको नभए पनि पुँजीगत खर्चका लागि विनियोजित बजेट निकै न्यून भएका कारण ओली सरकारले अपेक्षा गरेको आर्थिक वृद्धिदर हासिल हुने देखिदैन । अर्थविद सीताराम तामाङ भन्छन्- 'ओली सरकारले अघि सारेका विकास र आर्थिक समृद्धिको सपना सगरमाथाको चुचुरोमा रहँदा त्यही सरकारकै अर्थमन्त्रीले प्रस्तुत गरेको बजेट सगरमाथाको बेसक्याम्पसम्म पनि पुगेको छैन ।' सरकारी नीतिगत लक्ष्य र वर्तमान बजेटमा ठूलै 'ग्याप' रहेको बताउने तामाङ भन्छन्- 'बजेट कनिका छरे झैं पूर्णतः वितरणमुखी छ र सस्तो लोकप्रियताको फेरो समाएर अघि बढेको छ।'

बजेटमा चालु खर्च बढाइएका कारण निजी तथा वैदेशिक क्षेत्रको लागत बढ्ने र त्यसले अर्थतन्त्रमा मुनाफाखोरको बर्चस्व रहन गई मुल्यवृद्धि आकाशिने देखिएको छ। यसबाट सरकारले अनुमान र प्रक्षेपण गरेको साढे ८ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न कठिन मात्र होइन, नसकिने नै देखिएको छ। यसले देशको अर्थतन्त्रलाई परनिर्भरमुखी र दलालहरूको हातमा सुम्पन मद्दत पुर्‍याउने छ। अप्रत्याशित रूपमा मूल्य आकाशिए पछि यसले देशलाई अस्थिरता तर्फ धकेल्ने संकेत पनि देखिन गएको छ। यसले ओली सरकारको शान्ति र समृद्धिको नारालाई संघर्ष र आन्दोलनतर्फ जबर्जस्त धकेलिदिने छ।

देश संघीयताको अभ्यासमा गइसक्दा पनि ओली सरकारको केन्द्रमुखी सोच र तदनुरूप प्रस्तुत बजेटका कारण प्रदेश तथा स्थानीय सरकारहरू केन्द्रका अंगहरूका रूपमा मात्र चित्रित भएका छन्। प्रदेश तथा स्थानीय सरकारले केन्द्र सरकारले तोकेको सीमा र उपलब्ध गराएको स्रोतका आधारमा बजेट निर्माण गर्ने निश्चित भएको छ। प्रति व्याति सांसदका लागि ६ करोड बजेट छुट्याइनु आफैमा अनुत्पादक र खर्च मात्र हो । यसले निर्वाचित जनप्रतिनिधिहरूलाई व्यक्तिगत पेवाका रूपमा राज्यको ढुकुटी दिने प्रचलनलाई संस्थागत गरेको छ। यो भनेको आफैमा दलाल तथा संसदीय व्यवस्थाभित्रको बेथिति र संस्थागत भ्रष्टाचारको बिस्तारित रूप हो।

दिनमा हजारौंको संख्यामा लाइन लागेर विदेशिने युवाहरूका लागि देशमा नै रोजगारी सिर्जना गर्ने कुरा गरे पनि के र कसरी गरिने छ भन्ने बारे ठोस नीति, योजना तथा कार्यक्रम नआउनुले रोजगारी सिर्जना र बेरोजगारीको हल भनेको उही वैदेशिक रोगारको बाटो भन्दा अर्को देखिदैन । यसले गर्दा ५ लाख रोजगारी सिर्जना गर्ने सरकारी लक्ष्य हावादारी र अमूर्त देखा पर्दछ।

कृषिजन्य सामग्रीको संरक्षण, समन्यायिक र गरिबी उन्मुलनमा जोड आदि कुराहरू बजेटमा परे पनि दुईतिहाई सरकार निरीह भएकाले दलाल तथा बिचौलियाहरूको राज कायम हुने र लक्षित वर्गमा बजेट नपुग्ने स्पष्टै देखिएको छ । देशको बजेट व्यक्तिगत भागबण्डामा सिमित छ । सांसदहरूलाई प्रति व्यक्ति ६ करोड दिने गरी तर्जुमा गरिएको बजेट दलाल तथा बिचौलियाहरू पोसाउने ढुकुटीका रूपमा विनियोजित भएको छ।

त्यस्तो अवस्थामा बजेटले खास वर्ग र समुदायलाई लक्षित गरेको तर्क गरिए पनि त्यो लक्षित वर्ग भनेको बिचौलिया र दलाल वर्ग नै हो। किनकि, सरकार नै अहिले दलाल तथा बिचौलियाहरूको हातमा रहेको छ।

बजेटले बृद्धजनहरूका भावनालाई केही संबोधन गरेको छ। कर्मचारीको तलब बढाएर सन्तुष्ट बनाउन खोजेको छ। विनियोजित बजेटमा १८ देखि २० प्रतिसतको तलव बृद्धिले ८ लाख ५० हजार कर्मचारीसँग जोडिएका परिवार खुसी भए पनि बाँकी करोडौंका परिवार महंगीको मारमा डुब्ने छन् । किसान तथा मजदुर र विपन्न वर्गभन्दा पनि मध्यम तथा पुँजीपति तह र तप्का विनियोजित बजेटका लक्षित वर्गका रूपमा रहेका छन्। यसले गरीब तथा निम्न वर्गलाई बजेटले दिने प्रतिफलबाट टाढै राख्ने छ।

## क्रान्तिकारी माओवादीद्वारा श्रद्धाञ्जली व्यक्त



पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) ४ नं. प्रदेशले एक शोक वक्तव्य जारी गर्दै पार्टी तथा मोर्चाका प्रदेश सदस्य एवम् स्याङ्जा जिल्लाका संयोजक तिलक अधिकारीका बुवा मणिप्रसाद अधिकारीको ६७ वर्षको उमेरमा १८ जेठमा भएको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै दिवंगत अधिकारीप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरिएको छ । पार्टीका प्रदेश का.वा.सचिव किशोरले शोक वक्तव्य जारी गर्दै अधिकारीको निधनले पार्टीलाई स्तब्ध र मर्माहत बनाएको जनाएका छन् । वक्तव्यमा शोकको यस घडीमा सम्पूर्ण शोकाकूल परिवारजनमा हार्दिक समवेदना प्रकट गरिएको छ।


**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

*एल.पी. ग्यास अत्यन्तै प्रज्ज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।*

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइपा फेरौं । खाना पकाउँदा सधैं झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौ ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनै पनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्बमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटोभन्दा छिटो नजिकको ग्यास बिक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

*सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।*
*उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड*

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन नं. ४२६२९७०, ४२६३४८५








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, **फोटो**: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।